नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

२०८३

मनसुन पूर्वतयारी तथा प्रतिकार्य
राष्ट्रिय कार्ययोजना
२०८३

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

विषयसूची

खण्ड एक: मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन **१**

१. परिचय १

१.१ पृष्ठभूमि १

१.२ कार्ययोजनाको उद्देश्य १

१.३ कार्ययोजना निर्माण प्रक्रिया २

२. विगत दश वर्षको मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण ३

२.१ मनसुनजन्य विपद्को प्रवृत्ति विश्लेषण ३

३. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ ३

३.१ वि.सं. २०८२ को मनसुनको अवस्था ३

३.२ मनसुन २०८२ को प्रभाव ८

३.३ वि.सं. २०८२ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था ९

३.४ मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ १०

४. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलन १०

४.१ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन १३

खण्ड दुई: मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी **१८**

५. सङ्घीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण १८

६. प्रदेश र स्थानीय तह २३

७. सुरक्षा निकाय २४

८. आपत्कालीन कार्यसञ्चालन केन्द्र २५

९. मनसुन प्रतिकार्य कमाण्ड पोष्ट २६

१०. निजी क्षेत्र तथा अन्य निकायहरु २७

खण्ड तीन : विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना **२९**

११. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण २९

१२. विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ३१

१२.१बन्दोबस्ती विषयगत क्षेत्र (Logistics Cluster) (नेतृत्व गृह मन्त्रालय तथा सह-नेतृत्व विश्व खाद्य कार्यक्रम) ३१
१२.२ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (Early Recovery Cluster) (नेतृत्व भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सह–नेतृत्व UNDP) ३२
१२.३ स्वास्थ्य विषयगत क्षेत्र तथा पोषण विषयगत क्षेत्र (Health Cluster and Nutrition Cluster) (नेतृत्व स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय तथा सह–नेतृत्व WHO र UNICEF) ३३
१२.४ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन (WASH Cluster) विषयगत क्षेत्र (नेतृत्व पूर्वाधार विकास मन्त्रालय तथा सह–नेतृत्व UNICEF) ४२
१२.५ आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र (Emergency Shelter Cluster) र शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र (CCCM) (नेतृत्व पूर्वाधार विकास मन्त्रालय तथा सह–नेतृत्व IFRC र IOM) ४४
१२.६ खाद्य सुरक्षा विषयगत क्षेत्र (Food Security Cluster) (नेतृत्व कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा सह–नेतृत्व WFP तथा FAO) ४७
१२.७ संरक्षण विषयगत क्षेत्र (Protection Cluster) (नेतृत्व महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय तथा सह–नेतृत्व UNHCR, UNICEF र UNFPA) ४९
१२.८ शिक्षा विषयगत क्षेत्र (Education Cluster) (नेतृत्व शिक्षा तथा खेलकुद मन्त्रालय तथा सह–नेतृत्व UNICEF र Save the Children) ५५
१२.९ आपत्कालीन सञ्चार विषयगत क्षेत्र (Emergency Comunication) (नेतृत्व सूचना तथा सञ्चार मन्त्रालय तथा सह–नेतृत्व WFP) ६०

१३. अन्य निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ६१
१३.१ जल तथा मौसम विज्ञान विभाग ६१
१३.२ जलस्रोत तथा सिंचाइ विभाग ६४
१३.३ सडक विभाग ६५
१३.४ नेपाल विद्युत प्राधिकरण ६६

१४. सुरक्षा निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ६६
१४.१ नेपाली सेना ६६
१४.२ नेपाल प्रहरी ६९
१४.३ सशस्त्र प्रहरी बल, नेपाल ७३

१५. नेपाल रेडक्रस सोसाइटी ७९

खण्ड चार : मनसुन पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक पर्ने सम्पर्क व्यक्तिहरु र अत्यावश्यक खोज, उद्धार तथा राहत सामग्रीको विवरण ८०

१६. विषयगत क्षेत्रका विपद् सम्पर्क व्यक्तिहरूको विवरण ८०

१७. मन्त्रालय, विभाग र प्राधिकरणका विपद् सम्पर्क व्यक्तिहरूको विवरण ८२

१८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट गठित Emergency Preparedness Team/Rapid Response Team को सम्पर्क विवरण ८३

१९. प्रदेश विपद् सम्पर्क व्यक्तिहरूको सम्पर्क विवरण ८४

२०. जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्तिहरूको विवरण ८४

२१. सुरक्षा निकायका विपद् सम्पर्क व्यक्तिहरूको विवरण ८७

२२. निजी क्षेत्रका सम्पर्क व्यक्तिहरूको विवरण ८८

२३. आपत्कालीन सेवाका सम्पर्क विवरण ८९

२४. मुख्य खोज तथा उद्धार र राहत सामग्रीको मौज्दात विवरण ९०

२५. खोज तथा उद्धार कार्यमा संलग्न हुने सुरक्षा निकायका मानव संसाधनको विवरण ९१

२६. देशभर तालिमप्राप्त स्वयंसेवकको विवरण ९१

२७. विपद् कोषको विवरण ९२

खण्ड एक: मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन

१. परिचय

१.१ पृष्ठभूमि

जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ। प्रत्येक वर्ष भारी वर्षा, बाढी, पहिरो, चट्याङ, तातो हावाको लहर, शीतलहर, आगलागी, सडक दुर्घटना, वातावरणीय प्रदूषण र महामारीजस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट नेपालमा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ। विपद्को वार्षिक आकडालाई हेर्ने हो भने सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ।

नेपालको सन्दर्भमा दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाको वायु प्रणालीको रूपमा रहेको मनसुन हिन्द महासागरमा उत्पन्न भई बङ्गालको खाडी हुँदै सामान्यतया जेठको अन्त्यतिरबाट देशमा भित्रिने गर्दछ। तत्पश्चात् केही दिनदेखि केही हप्ताको समयावधिमा देशभर फैलिएर चार महिना सक्रिय रही असोजको अन्त्यसँगै बाहिरिने गरेको छ। सामान्यतया करिब ११० दिन जति मनसुन सक्रिय रहने भएता पनि हालका वर्षहरूमा भने १०-१५ दिन ढिलो गरी बाहिरिने गरेको छ। पूर्वबाट प्रवेश गरेको एक हप्तामा फैलिनु पर्नेमा कुनै वर्ष २-३ दिनमा नै देशभर फैलिने र कुनै वर्ष देशभर फैलिन धेरै दिन लाग्ने गरेको छ। विगत केही वर्षयता मनसुनको सुरुवाती चरणमा नै अत्यधिक वर्षा भएर बाढी, पहिरो, डुबानका घटना भई ठूलो क्षति पुगेको अवस्था छ।

वार्षिक वर्षाको करिब ८० प्रतिशत पानी मनसुनको अवधिमा पर्ने हुँदा बाढी, पहिरो, डुबान, जमिन कटान जस्ता जल उत्पन्न प्रकोपको शृङ्खला मनसुनको आगमनसँगसँगै सुरु हुने गर्दछ। अर्कोतर्फ बढ्दो अव्यवस्थित सहरीकरण, खोलानाला मिचेर निर्माण गरिने भौतिक संरचना, बिना अध्ययन अनुसन्धान डोजर लगाएर खनिएका सडक तथा जलविद्युत संरचना, जथाभावी गरिने प्राकृतिक स्रोतको दोहन, भिरालो तथा जोखिमयुक्त स्थानमा गरिएका बस्ती विकासजस्ता कारणहरूले समेत मनसुनजन्य विपद्का घटनाहरूलाई टेवा पुगेको छ। त्यस्तै जलवायु परिवर्तनका कारण छोटो समयमा हुने अत्यधिक वर्षाले बाढी पहिरोको जोखिम र अनिश्चितता बढ्दै गएको छ।

१.२ कार्ययोजनाको उद्देश्य

यस कार्ययोजनाको उद्देश्य निम्नानुसार रहेको छः-

- विगतका विपद्का घटना र प्रभावका तथ्याङ्कहरूको विश्लेषण गरी मनसुनजन्य विपद्को सम्भावित जोखिम पूर्वानुमान गर्नु।
- विपद् व्यवस्थापनसँग सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्यका लागि कार्यजिम्मेवारी निर्धारण गर्नु।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा समन्वयात्मक र एकीकृत क्रियाकलाप तय गरी मनसुन प्रतिकार्यलाई प्रभावकारी बनाई क्षति न्यूनीकरण गर्नु।

१.३ कार्ययोजना निर्माण प्रक्रिया

मिति २०८२ चैत्र १७ गतेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यदल गठन गर्ने निर्णयसँगै यो कार्ययोजना निर्माणको क्रम सुरु भयो।

कार्यदलले सरोकारवाला निकाय, संघसंस्था तथा विज्ञहरूसँगको परामर्श, छलफल, विभिन्न चरणमा गरिएका बैठक र विगतको अनुभव एवं सिकाइको विस्तृत अध्ययन पश्चात् प्रक्रियागत तवरले यो एकीकृत कार्ययोजना निर्माण गरेको हो।

यस कार्ययोजना निर्माणको एक प्रमुख आधारको रुपमा जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनको लागि गरेको मौसम एवं वर्षाको पूर्वानुमानलाई लिइएको छ। योजनामा विषयगत क्षेत्रको नेतृत्व गर्ने मन्त्रालय र सहनेतृत्व गर्ने संघसंस्था, निकाय एवं मानवीय सहायता सम्बन्धी संस्थाहरू र सुरक्षा निकायहरूबाट प्राप्त यस वर्षको मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको विस्तृत योजनाहरू समावेश गरिएको छ। यस कार्ययोजना निर्माण कार्यदलको बनावट निम्नानुसार रहेको छः-

- सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण — संयोजक
- उपसचिव, गृह मन्त्रालय — सदस्य
- उपसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय — सदस्य
- उपसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय — सदस्य
- उपसचिव, पूर्वाधार विकास मन्त्रालय — सदस्य
- उपसचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय — सदस्य
- उपसचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सदस्य
- उपसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय — सदस्य
- उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय — सदस्य
- उपसचिव, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय — सदस्य
- नेपाली सेना, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- नेपाल प्रहरी, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- सशस्त्र प्रहरी बल, नेपाल, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- उपसचिव, सडक विभाग — सदस्य
- उपसचिव, ऊर्जा तथा सिंचाइ विभाग — सदस्य
- उपसचिव, जल तथा मौसम विज्ञान विभाग — सदस्य
- उपसचिव, खानी तथा भूगर्भ विभाग — सदस्य
- उपसचिव स्तरको प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण — सदस्य
- उपसचिव स्तरको प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण — सदस्य
- उपसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण — सदस्य सचिव

२. विगत दश वर्षको मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण

२.१ मनसुनजन्य विपद्को प्रवृत्ति विश्लेषण

तालिका नं. १: वि.सं. २०७३ देखि वि.सं. २०८२ सम्म घटेका मनसुनजन्य विपद् सम्बन्धी घटनाको संक्षिप्त विवरण

घटना	मिति अवधि	घटना संख्या	मृत्यु	वेपत्ता	घाइते	प्रभावित परिवार	घर क्षति	पशु चौपाया क्षति
बाढी	२०७३ देखि २०८२ सम्म	२,३५८	६७८	२६९	२१५	२३,८०५	२,२४८	२,३७८
भारी वर्षा	२०७३ देखि २०८२ सम्म	२,६५३	१०८	१	३२४	८८१	१,५१७	१,२९९
पहिरो	२०७३ देखि २०८२ सम्म	५,०३२	१,४८३	२३२	१३४७	८,१८३	५,९७३	७,०१४
चट्याङ	२०७३ देखि २०८२ सम्म	३,१२४	८०५	०	२,८८३	३२९	८४	५,९१०
जम्मा		१३,१६७	३,०७४	५०२	४,७६९	३३,१९८	९,८२२	१६,६०१

(स्रोत: डि.आर.आर. पोर्टल)

विगत एक दशक (वि.सं. २०७३—२०८२) को तथ्यांक विश्लेषण गर्दा मनसुनजन्य विपद्का कारण ३,०७४ जनाको मृत्यु, ५०२ जना वेपत्ता, ४,७६९ जना घाइते र ३३,१९८ घरपरिवार प्रभावित भएको तथ्याङ्क छ। ।[1]

तालिका नं. २: वि.सं. २०८१ र वि.सं. २०८२ मनसुनजन्य विपद्का घटनाको तुलनात्मक संक्षिप्त विवरण

घटना	घटना संख्या		मृत्यु		वेपत्ता		घाइते		प्रभावित परिवार	
	२०८१	२०८२	२०८१	२०८२	२०८१	२०८२	२०८१	२०८२	२०८१	२०८२
बाढी	३९९	२९२	९१	३७	१८	२६	४५	१४	२,२२८	३,२००
पहिरो	९४३	५१३	३४४	६७	४८	४	२७६	७७	६,४४८	१,५१८
भारीवर्षा	५३८	३९७	८	७	०	०	३७	२०	१,८१२	९६६
चट्याङ	२५८	२५२	५२	२९	०	०	१६४	१८९	३३५	३११
जम्मा	**२,१३८**	**१,४५४**	**४९५**	**१४०**	**६६**	**३०**	**५२२**	**३००**	**१०,८२३**	**५,९९५**

(स्रोत: डि.आर.आर. पोर्टल)

३. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ

३.१ वि.सं. २०८२ को मनसुनको अवस्था

मनसुन अवधिमा देशभर कुल वर्षा सरदर वर्षा को ९० प्रतिशत मात्र रह्यो। देशका अधिकांश भागहरूमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा माथि मापन गरिएको थियो।

[1] http://www.drrportal.gov.np/reports

मनसुन आगमन (Onset) र बहिर्गमन (Withdrawal)

नेपालमा सामान्यतया मनसुन १३ जुनमा सुरु भई २ अक्टोबरमा समाप्त हुन्छ। २०८२ सालमा मनसुन आगमन मितिभन्दा १५ दिन अगाडि (मे २९) पूर्वी नेपालमा प्रवेश गरेको थियो भने पूर्वी नेपालबाट अक्टोबर १० मा बाहिरिएको थियो, जुन सामान्यभन्दा ८ दिन ढिलो हो। गत वर्ष मनसुनको कुल अवधि १३५ दिन रहेको थियो, जुन सरदर मनसुन अवधि (११२ दिन) भन्दा २३ दिन बढी हो।



चित्र नं. १: मनसुनको सुरूवात र बहिर्गमन

मनसुन २०८२ मा वर्षा र तापक्रमको अवस्था

मनसुन अवधिमा देशका अधिकांश स्थानहरूमा १००० देखि १५०० मि.मि. सम्म वर्षा मापन गरिएको थियो भने गण्डकी, बागमती र कोशी प्रदेशका केही स्थानहरूमा २००० मि.मि. भन्दा बढी वर्षा भएको देखियो। देशका धेरैजसो भू-भागहरूमा वर्षा सरदर वा सरदरभन्दा बढी रहेको पाइयो। तथापि, मधेश प्रदेश, कोशी प्रदेशको दक्षिण तथा पूर्वी भाग, बागमती प्रदेशको दक्षिणी भाग, गण्डकी प्रदेशका केही भाग, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरूमा भने सरदरभन्दा कम वर्षा मापन गरिएको थियो।

मनसुन अवधिमा सबैभन्दा बढी वर्षा ४५८८.६ मि.मि. कास्की जिल्लाको लुम्ले स्टेशनमा मापन गरिएको थियो भने सबैभन्दा कम १५६.१ मि.मि. मौसमी वर्षा मुस्ताङ जिल्लाको जोमसोम स्टेशनमा मापन गरिएको थियो। चित्र नं. ३ मा समावेश गरिएका १२० वटा वर्षामापन केन्द्रहरूको आधारमा नेपालमा २०८२ मनसुन अवधिमा औषतको ९०.०५ प्रतिशत वर्षा भएको देखिन्छ।



चित्र नं.२: मनसुन अवधिभर भएको कुल वर्षा (Toal precipation in Monsoon २०२५)



चित्र नं.३: मनसुन अवधिभर भएको सरदर वर्षाको प्रतिशत

नोटः सामान्यतया, सरदरको ९० प्रतिशतभन्दा कम वर्षा भएमा सरदरभन्दा कम, ९० प्रतिशतदेखि ११० प्रतिशत बीचमा भएमा सरदर र ११० प्रतिशतभन्दा बढी भएमा सरदरभन्दा बढी वर्षा भएको मानिने गरिन्छ।

मनसुन अवधिको seasonal cumulative average of daily precipitation वितरणले मनसुनको पहिलो महिनामा वर्षा सरदरको आसपास रहेको देखाउँछ भने बाँकी अवधिभर वर्षा सरदरभन्दा कम रहेको देखाउँछ।

मधेश प्रदेश तथा लुम्बिनी प्रदेशको दक्षिणी भागमा वर्षा भएका दिनहरूको संख्या अपेक्षाकृत कम रहेको देखियो, जहाँ (≥१ मि.मि. वर्षा भएको दिन) ३६ देखि ४८ दिन मात्र वर्षा भएको अभिलेख गरिएको थियो। त्यसको विपरित, पहाडी क्षेत्र (उत्तरका हिमाली भू-भाग र दक्षिणका तराई क्षेत्रबीच पर्ने मध्य भाग) का अधिकांश स्टेशनहरूमा ६६ दिनभन्दा बढी वर्षा भएको अभिलेख गरिएको थियो।



चित्र नं.४: Cumulative average of daily normal and observed precipitation during Monsoon २०२५



चित्र नं. ५: मनसुन अवधिमा वर्षा भएका दिनहरूको संख्या

देशका अधिकांश भागहरूमा अधिकतम तापक्रम सरदर र सरदर भन्दा बढी मापन गरिएको थियो भने केही स्थानहरूमा मात्र सरदरभन्दा कम अधिकतम तापक्रम मापन गरिएको थियो।



चित्र नं. ६: मनसुन अवधिभरको औषत अधिकतम तापक्रम



चित्र नं. ७: मनसुन अवधिभरको औषत न्यूनतम तापक्रम

मनसुन अवधिमा सबैभन्दा बढी औषत अधिकतम तापक्रम ३५.९ ⁰C पर्सा जिल्लाको वीरगञ्ज स्टेशनमा र सबैभन्दा कम १९.० ⁰C सोलुखुम्बु जिल्लाको लुक्ला विमानस्थल स्टेशनमा मापन गरिएको थियो। दैनिक अधिकतम तापक्रमतर्फ हेर्दा, सबैभन्दा बढी ४२.६ ⁰C तापक्रम जुन १४ मा वीरगञ्जमा मापन गरिएको थियो भने सबैभन्दा कम अधिकतम तापक्रम ९.९ ⁰C जुन ३ मा मनाङ जिल्लाको हुम्दे मापन केन्द्रमा मापन गरिएको थियो।

३.२ मनसुन २०८२ को प्रभाव

मनसुन सुरु हुनुअघि नै, २०८२ जेठ ७ गते, समग्र मनसुन ऋतुको प्रारम्भिक आकलन गरिएको थियो र असार १७ गते उक्त आकलनलाई अद्यावधिक (update) गरिएको थियो। पछिल्लो अद्यावधिक आकलनमा विशेषगरी मधेश प्रदेशका जिल्लाहरूमा सरदरभन्दा कम वर्षा हुने सम्भावना देखिएको थियो भने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको थियो।

उक्त प्रक्षेपणअनुसार नै मनसुनको प्रारम्भिक चरणमा मधेश प्रदेशमा न्यून वर्षा भएको देखियो, जसका कारण त्यहाँ खडेरीको अवस्था सिर्जना भएको थियो। पानीका स्रोतहरू सुक्दै जाँदा खानेपानीको समस्या समेत गम्भीर बन्दै गएकोले नेपाल सरकारले मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नुपरेको थियो। तथापि, मध्य साउनदेखि वर्षाको मात्रा बढ्न थालेपछि स्थिति क्रमशः सुधार हुँदै गएको थियो।

सुदूरपश्चिम र कर्णाली प्रदेशको उत्तरी भू-भाग तथा बागमती र कोशी प्रदेशका केही क्षेत्रमा सरदरभन्दा बढी वर्षा भएको थियो। त्यस्तै, मध्य नेपाल लगायतका केही क्षेत्रमा सरदरभन्दा कम वर्षा भएको थियो भने अन्य अधिकांश क्षेत्रमा सरदर आसपास वर्षा भएको थियो।

मनसुन अवधिभर जल तथा मौसम विज्ञान विभागबाट तीन वटा विशेष बुलेटिन जारी गरिएको थियो, जसमध्ये दशैं पर्वलाई लक्षित गरी दुई वटा विशेष बुलेटिन प्रकाशित गरिएको थियो। सो अवधिमा देशका विभिन्न भागहरूमा ठूलो मात्रामा वर्षा भई व्यापक क्षति पुगेको थियो।

असोज १७ गते बिहान जारी गरिएको नियमित बुलेटिनमार्फत असोज १८ गते (दशैं द्वादशी) का लागि मधेश प्रदेशका सम्पूर्ण जिल्लासहित कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका २६ जिल्लामा धेरै भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमानसहित रेड अलर्ट जारी गरिएको थियो। त्यसैगरी, असोज १९ गतेका लागि पनि कोशी र मधेश प्रदेशका १५ जिल्लामा रेड अलर्ट जारी गरिएको थियो। यस अवधिमा विशेषगरी इलाम जिल्लामा उल्लेखनीय क्षति पुगेको थियो र सो क्षेत्रलाई विपद् संकटग्रस्त घोषणा गरिएको थियो।

२०८२ सालको मनसुनमा देशका चार वटा वर्षामापन केन्द्रहरू (भैरहवाको भैरहवा एयरपोर्ट, मनाङको हुम्दे, पर्साको विरगञ्ज र रौतहटको गौर) अहिलेसम्मको सबैभन्दा उच्च दैनिक वर्षाको रेकर्ड तोड्ने स्टेशनहरूमा पर्छन् (State of The Nepal Climate, २०२५)।

३.३ वि.सं. २०८२ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था

मनसुनजन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी वर्षेनी मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण तथा कार्यान्वयन गरिँदै आएको छ। यसै सन्दर्भमा वि.सं. २०८२ को जोखिम आकलनका आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिएको थियो। पूर्वतयारीका क्रममा नेपाल सरकारका विषयगत क्षेत्र (cluster) सँग सम्बन्धित मन्त्रालय, विभाग, नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय, मानवीय क्षेत्रका संघसंस्था तथा निजी क्षेत्र (च्याफ्टिङ व्यवसायी, ड्रोन सेवा प्रदायक, वायुसेवा सञ्चालक संघ नेपाल, सञ्चार संस्था, पर्यटन व्यवसायी आदि) सँग समन्वय गरी आवश्यक सहयोग सुनिश्चित गरिएको थियो।

मनसुनजन्य विपद्का घटनाबाट जोखिममा परेकालाई नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र स्वयंसेवकबाट हेलिकप्टर मार्फत र स्थलगत उद्धार गरिएको थियो। घाइतेहरूलाई तत्काल अस्पताल पुऱ्याई निःशुल्क उपचारको व्यवस्था गरिएको थियो। बाढी, पहिरो तथा डुबानबाट प्रभावित नागरिकका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विस्थापित परिवारलाई अस्थायी आश्रय, खाद्य तथा गैरखाद्य सामग्री, स्वास्थ्य सेवा र आपत्कालीन शिक्षा सञ्चालनमा विषयगत समूह र साझेदार निकायहरूको महत्वपूर्ण भूमिका रह्यो।

विपद्का कारण अवरुद्ध भएका सडक, राजमार्ग, विद्युत, खानेपानी तथा सञ्चार जस्ता आधारभूत सेवाहरू तत्काल मर्मत गरी पुनः सञ्चालनमा ल्याइयो र विस्थापित परिवारलाई अस्थायी आवास निर्माणका लागि आवश्यक रकम उपलब्ध गराइयो।

मनसुन अवधिमा केही क्षेत्रमा सुक्खापन देखिएपछि मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी खानेपानी वितरण लगायतका समाधानका कार्यक्रम सञ्चालन गरियो। साथै, असोज १७-२० को अविरल वर्षाका कारण बढी प्रभावित इलाम जिल्लालाई पनि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको थियो। मनसुन २०८२ को अवस्था प्रतिवेदन https://ndrrma.gov.np/np/situation-report/२२६ मा क्लिक गरी अध्ययन गर्न सकिनेछ।

३.४ मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ

- निजी क्षेत्र, सञ्चार माध्यम, संघसंस्था, नागरिक समाज तथा जिम्मेवार निकायहरूसँग कार्ययोजना निर्माणदेखि कार्यान्वयनसम्म सहकार्य गर्दा समन्वय थप प्रभावकारी र सहज हुने।
- विपद् पश्चातको खोज, उद्धार तथा राहत कार्यका लागि ड्रोन, हेलिकोप्टर, च्याफ्ट बोट तथा अन्य अत्यावश्यक खोज उद्धार सामग्रीको पर्याप्त व्यवस्था हुनुपर्ने।
- भारी तथा अति भारी वर्षाको पूर्वानुमान लगत्तै कमाण्ड सेन्टर स्थापना र सञ्चालन, उच्च सतर्कता र पूर्वतयारी सुदृढ गर्नुपर्ने।
- यातायात तथा पारवहन क्षेत्रमार्फत यात्रुलाई मौसम पूर्वानुमान, जोखिम अवस्था र सावधानीबारे जानकारी गराउनुका साथै सम्बन्धित निकायबाट एड्भाइजरी कडाईका साथ लागु गर्दा जोखिम न्यूनीकरणमा सहयोग पुग्ने। जोखिमअनुसार सवारीसाधनको आवतजावत नियन्त्रण गर्न सम्बन्धित निकायसँग समन्वय गर्दा दुर्घटना तथा क्षति न्यूनीकरणमा सकारात्मक प्रभाव पर्ने।
- आधुनिक सूचना प्रविधि र सञ्चार माध्यमको अधिकतम प्रयोगले जनचेतना अभिवृद्धि, पूर्वसूचना/चेतावनी र तथ्यपरक सूचना प्रवाह भई विपद् व्यवस्थापन थप प्रभावकारी हुने।
- भारी/अति भारी/धेरै भारी वर्षाको सम्भावना हुँदा नेपाल टेलिकम, एनसेलमार्फत SMS, CRBT, IVR, CBS इत्यादी प्रयोग गरी सूचना प्रवाह गर्दा पूर्वसूचना जनस्तरसम्म छिटो पुग्न गई पूर्वकार्य तथा प्रतिकार्य सहज हुने।
- स्काउट तथा निजी/सामुदायिक विद्यालयहरुसँग सहकार्य गरी विद्यालयमार्फत सूचना प्रवाह गर्दा बालबालिका र अभिभावकसम्म चेतावनी प्रभावकारी रूपमा पुग्ने।
- अफवाह तथा भ्रामक सूचनाको सम्बोधन र नियमन गर्नुपर्ने।
- समयमै अन्तरदेशीय विपद् (Transboundary Disaster) सम्बन्धी पूर्वसूचना प्राप्त गर्न परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल गर्नुपर्ने।

४. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलन

जल तथा मौसम विज्ञान विभागले मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ। यस मनसुनको अवधिमा कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पूर्वी भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा सरदर भन्दा कम वर्षा हुने संभावना

५५% देखि ६५% रहेको छ भने सुदुरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पश्चिमी भू-भाग र कोशी प्रदेशका मध्य भू-भागमा सरदर भन्दा कम वर्षा हुने संभावना ४५% देखि ५५% रहेको छ। त्यसैगरी कर्णाली प्रदेशका उत्तरी भू-भाग तथा कोशी प्रदेशका उत्तरी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ।



चित्र नं. ८: वि.सं. २०८३ को मनसुन ऋतुको वर्षाको आकलन

मनसुनको अवधिमा अधिकतम तापक्रमको सम्बन्धमा देशभर सरदर भन्दा बढी हुने सम्भावना रहको छ। सुदुरपश्चिम प्रदेशका उत्तर-पूर्वी भू-भाग, कर्णाली प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशका पश्चिमी भू-भाग, गण्डकी प्रदेशका उत्तर-पूर्वी तथा दक्षिणी भू-भाग, बागमती प्रदेशका पश्चिमि भू-भाग, मधेश प्रदेशका पूर्वी तथा पश्चिमी भू-भाग र कोशी प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी हुने संभावना ५५% देखि ६५% रहेको छ। कोशी प्रदेशका मध्य भू-भाग तथा सुदुरपश्चिम प्रदेशका पूर्वी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी रहने संभावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहने आकलन विभागले गरेको छ।



चित्र नं. ९: वि.सं. २०८३ को मनसुन ऋतुको अधिकतम तापक्रमको आकलन

न्यूनतम तापक्रमको सम्बन्धमा पनि देशभर सरदर भन्दा बढी हुने सम्भावना रहेको छ। सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र बागमती प्रदेशका उत्तरी भू-भागहरु, मधेश प्रदेशका पूर्वी भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ५५% देखि ६५% रहेको छ। कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका दक्षिणी भू-भागहरु, मधेश प्रदेशका मध्य भू-भाग र कोशी प्रदेशका मध्य तथा उत्तरी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहने पूर्वानुमान विभागको गरेको छ।



चित्र नं. १०: वि.सं. २०८३ को मनसुन ऋतुको न्यूनतम तापक्रमको आकलन

४.१ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन

यस वर्ष मनसुन ऋतुको अवधिमा देशैभर सरदरभन्दा कम वर्षा रहने सम्भावना विगतको तुलनामा कम रहेको भएता पनि सरदर तापक्रम वृद्धि हुनसक्ने आकलनले केही उच्च हिमाली स्थानहरुमा हिमताल विस्फोटन भई तल्लो तटीय क्षेत्रमा बाढी, पहिरो, डुबान, जमिन कटान तथा आकस्मिक बाढी जस्ता मनसुनजन्य विपद्को जोखिम अधिक हुने सम्भावना रहेको छ। त्यसैगरी उक्त अवधिमा दैनिक तापक्रममा वृद्धि हुने सम्भावना अधिक रहने आकलनले देशको दक्षिणी तराई भू-भागमा सर्वसाधारण अत्याधिक गर्मी वा तातो हावाको लहर (लु) बाट समेत प्रभावित बन्ने सम्भावना रहेको आकलन गर्न सकिन्छ। यस वर्षको मनसुनको पूर्वानुमान सन् २०१४, २०१६ र २०२२ का मनसुन मौसमसँग मिल्दोजुल्दो देखिन्छ। समग्रमा यस वर्षको मनसनुको अवधिमा मनसनुजन्य विपद्बाट देशभर करिब ५१,८६८ घरधुरीका २,२६,६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको छ। एक हजारदेखि चार हजार घरपरिवार प्रत्यक्ष रूपमा प्रभावित हुन सक्ने अनुमान गरिएको छ, जुन सबैभन्दा खराब अवस्थाको परिदृश्यको करिब १० प्रतिशत बराबर हो। प्रदेश तथा स्थानीय तहमा विपद् पूर्वतयारी गर्न सहज होस् भन्ने अभिप्रायले प्रदेशगत विश्लेषण गरी विपद् जोखिम आकलन निम्न अनुसार गरिएको छ।



चित्र नं. ११ : वि.सं. २०८३ को मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमानित केसलोड

४.१.१ कोशी प्रदेश

जल तथा मौसम विज्ञान विभागले यस वर्ष मनसुनको अवधिमा कोशी प्रदेशका दक्षिणी भू-भागमा सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरेबाट यस प्रदेश र अन्तर्गतका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ८,८६४ घरपरिवारका ३८,७३६ जनसंख्या रहेको।

तालिका ३: कोशी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.२ मधेश प्रदेश

विगतको अनुभव तथा भोगाइलाई आधार मान्दै यस वर्ष मनसुनको अवधिमा मधेश प्रदेशमा सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरिएबाट प्रदेशका आठ जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने आकलन गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ८,०९२ घरपरिवारका ३५,३६१ जनसंख्या रहेको।

तालिका ४: मधेश प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.३ बागमती प्रदेश

यस वर्षको मनसुन अवधिमा बागमती प्रदेशमा पनि सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरिएको हुनाले बागमती प्रदेश र अन्तर्गतका जिल्लाहरूमा मनसुजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ७,५२८ घरपरिवारका ३२,८९७ जनसंख्या रहेको

तालिका ५: बागमती प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.४ गण्डकी प्रदेश

यस वर्षको मनसुन अवधिमा गण्डकी प्रदेशमा पनि सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरिएको हुनाले बागमती प्रदेश र अन्तर्गतका जिल्लाहरूमा मनसुजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ४,९५२ घरपरिवारका २१,६४१ जनसंख्या रहेको

तालिका ६: गण्डकी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.५ लुम्बिनी प्रदेश

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा यस प्रदेशका अधिकांश भू-भागमा सरदर भन्दा कम वर्षा हुने अनुमान गरेबाट यस प्रदेशका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार हुनसक्ने आकलन गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ११,८१४ घरपरिवारका ५१,६२६ जनसंख्या रहेको

तालिका ७: लुम्बिनी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.६ कर्णाली प्रदेश

जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षेपणमा मनसुनको अवधिभरमा यस प्रदेशको दक्षिणी भूभागमा सरदर भन्दा निकै कम र उत्तरी भूभागमा पनि सरदर भन्दा कम वर्षा हुने सम्भावना रहेको आकलन गरेको छ। कर्णाली प्रदेशमा विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ३,०१५ घरपरिवारका १३,१७५ जनसंख्या रहेको

तालिका ८: कर्णाली प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

४.१.७ सुदूरपश्चिम प्रदेश

यस वर्षको मनसुनमा सुदूरपश्चिम प्रदेशको सुदुरपश्चिम प्रदेशका अधिकांश भू-भाग सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरेबाट यस प्रदेशका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने आकलन गरिएको छ।



प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ७,६०३ घरपरिवारका ३३,२२७ जनसंख्या

तालिका ९ : सुदूरपश्चिम प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

खण्ड दुई: मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी

५. सङ्घीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सम्बन्धित सङ्घीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मुख्य-मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

निकाय	नेतृत्व गर्ने विषयगत क्षेत्र	मुख्य जिम्मेवारी
गृह मन्त्रालय	बन्दोबस्ती	• सुरक्षा निकायका खोज तथा उद्धार टोली तथा आवश्यक साधन स्रोतहरूको पूर्वतैनाथीका साथै प्रतिकार्यको बेला तिनको परिचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • विपद् प्रतिकार्यको लागि आवश्यक खाद्य तथा गैह्र खाद्य राहत सामग्री व्यवस्थापनका साथसाथै ढुवानी कार्यको समेत नेतृत्व गर्ने। • विपद् प्रतिकार्यको बेला हवाई उद्धारको व्यवस्थापन गर्ने।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	समग्र नेतृत्व र समन्वय	• मनसुन पूर्वतयारी तथा प्रतिकार्यको अवधिभर नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाह गर्ने। • मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय आपत्कालीन कार्यञ्चालन केन्द्रमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी नेतृत्व गर्ने। • मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लगि आवश्यक साधन स्रोत व्यवस्थापन तथा परिचालनमा समन्वय र सहजीकरण गर्ने। • विपद् पूर्वसूचना तथा विपद्सँग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, विश्लेषण र प्रवाहको नेतृत्व गर्ने। एकद्वार नीतिको अवलम्बन गर्दै केन्द्रीय कमाण्ड पोष्ट मार्फत आधिकारिक सूचना सम्प्रेषण गर्ने। • खोज, उद्धार तथा राहतका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्रका बीच आवश्यक समन्वय गर्ने र नेतृत्व लिने।
रक्षा मन्त्रालय	खोज, उद्धार तथा राहत	• मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनालाई आवश्यक स्रोत साधनसहित तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार परिचालन गर्ने।
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	शीघ्र पुनर्लाभ	• सबै स्थानीय तहहरूले मनसुन प्रतिकार्यको लगि आवश्यक पूर्वतयारीका कार्यहरू गरेको यकिन गर्ने र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने। • विपद् प्रतिकार्यको अवधिमा स्थानीय तहहरूलाई आवश्यक सहजीकरण र समन्वय गर्ने। • शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको नेतृत्व गर्ने।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	आपूर्ति	• विपद्को अवधिमा दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ति तथा उपलब्धताको सुनिश्चितता गर्ने।
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	स्वास्थ्य	• मनसुनजन्य विपद्बाट प्रभावितहरूको स्वास्थ्य उपचारका लागि आवश्यक साधन स्रोत तथा जनशक्ति तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार समन्वय र परिचालन गर्ने। • सञ्चार माध्यमबाट मनसुनको अवधिमा हुनसक्ने महामारी तथा स्वास्थ्य समस्याबारे सचेत तुल्याउन सन्देशमूलक सूचना प्रवाह गर्ने, गराउने। • संघ तथा प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई थप सक्रिय तुल्याई पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरू सञ्चालन गर्ने। • स्वास्थ्य विषयगत क्षेत्रको नेतृत्व गर्ने।
	पोषण	• विपद्को बेला बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिला, वृद्धवृद्धा तथा दिर्घरोगीहरूको लागि आवश्यक पोषण सामग्रीहरूको व्यवस्थापन गर्ने। • पोषण विषयगत क्षेत्रको नेतृत्व गर्ने।
पूर्वाधार विकास मन्त्रालय	खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन	• विपद्ग्रस्त क्षेत्रमा शुद्ध पिउने पानी व्यवस्थापनको नेतृत्व गर्ने। • पानीजन्य तथा फोहरबाट फैलिन सक्ने रोगव्याधी नियन्त्रणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • खानेपानी शुद्धीकरण तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार गर्ने, गराउने। • खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन विषयगत क्षेत्रको नेतृत्व गर्ने।
	आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन	• मनसुनजन्य विपद्बाट प्रभावित परिवारहरूको लागि आवश्यक आपत्कालीन आश्रयस्थल व्यवस्थापन गर्न समन्वय, सहकार्य र नेतृत्व गर्ने। • आपत्कालीन आश्रयस्थल व्यवस्थापनको लागि आवश्यक स्रोत साधन व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • जिल्ला तथा स्थानीय तह मार्फत आवश्यकता अनुसार आपत्कालीन आश्रयस्थलको लागि खुला क्षेत्रहरू रहेको यकिन गर्ने। • आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन विषयगत क्षेत्रको नेतृत्व गर्ने।
	जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना	• वर्षायाममा बाढी र पहिरोले भत्काएका र पुरिएका सडक तथा पुलहरू जतिसक्दो चाँडो अवरोध पन्छाएर एवं मर्मत गरेर सुचारु गर्ने, गराउने। • सडक विभाग मार्फत रणनीतिक स्थानमा तथा अन्तर्गतका कार्यालयमा अत्यावश्यक मेसिन, सामग्री तथा जनशक्ति तैनाथी अवस्था (Stand By) मा राख्ने।
कृषि, वन तथा पर्यावरण मन्त्रालय	खाद्य सुरक्षा	• आपत्कालीन अवस्थाको लागि आवश्यक खाद्य सामग्रीको भण्डारण तयारी अवस्थामा राख्ने। • विपद् पीडित परिवारहरूलाई नगद प्रदान/हस्तान्तरण कार्यक्रमको लागि वित्तीय सेवा प्रदायकहरूसँगको सहकार्यमा तयारी अवस्थामा रहने।

		• खाद्य सुरक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने।
	उद्धार तथा अस्थायी आश्रयस्थल	• गल्छी तथा पहिरो रोकथाम र नियन्त्रण, संरक्षण पोखरी तथा Runoff Harvesting, ड्याम निर्माण, मर्मत संभार र व्यवस्थापन, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिमसार व्यवस्थापन, बायो इन्जिनियरिङ तथा हरियाली प्रवर्द्धन लगायत भू-क्षय नियन्त्रणका विविध कार्यहरू गर्ने। • जलाधारको प्रभावकारी व्यवस्थापन हुन नसक्दा सिर्जना हुन सक्ने विपद् जोखिमबारे जलाधार व्यवस्थापन सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। • विपद्बाट प्रभावित परिवारहरूको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने। • जिल्ला विपद् व्यवस्थापन समितिको सहकार्यमा तोकिएका खहरे पुनर्उत्थानका लागि संरक्षण कार्यहरू गर्ने।
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण	• मनसुनजन्य विपद्को बेला मानसिक स्वास्थ्य र मनोसामाजिक सवालहरू, लैंगिक हिंसा, परिवारसँगको बिछोड, बाबुआमाको स्याहार नपाएका बालबालिकाहरूको आवश्यकता र ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको आवश्यकतालाई सम्बोधन गर्ने, गराउने गरी तयारी अवस्थामा रहने। • सरोकारवाला निकायहरू मार्फत मनसुनजन्य विपद्को लागि स्थानीय तहमा महिलामैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको व्यवस्थापन भएको यकिन गर्ने। • मनसुनजन्य विपद्लाई लक्षित गरी महिला तथा किशोरीहरूको लागि आवश्यक डिग्नीटी किट, किशोरी (Adolescent) किट लगायतका जीवन बचाउने राहत सामग्रीहरूको पूर्वनिर्धारण तथा भण्डारण गर्ने, गराउने। साथै, उक्त सामग्रीहरूको लेखाजोखा गर्ने। • संरक्षण विषयगत क्षेत्रको नेतृत्व गर्ने।
शिक्षा तथा खेलकुद मन्त्रालय मन्त्रालय	शिक्षा	• स्थानीय तह तथा विद्यालयहरूमा मनसुनजन्य विपद् र त्यसको प्रभावबारे सचेतनामूलक कार्यक्रम गर्ने, गराउने। • विपद्को अवधिमा यौन शोषण र दुर्व्यवहार रोकथाम र सचेतना अभिवृद्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • आपत्कालीन अवस्थामा शैक्षिक कृयाकलापलाई निरन्तरता दिन सरोकारवाला निकायहरूले न्यूनतम पूर्वतैनाथी (Minimum pre-positioning) कायम राखेको सुनिश्चित गर्ने। • आपत्कालीन अवस्थामा मनोवैज्ञानिक प्राथमिक सहायता सहयोग गर्न मानव स्रोत पूर्वपहिचान गर्ने, गराउने। • शिक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने।
सूचना तथा सञ्चार मन्त्रालय	आपत्कालीन सञ्चार	• विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री विभिन्न भाषामा तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्ने, गराउने।

		• मनसुनजन्य विपद् सम्बन्धी पूर्वसूचना प्रणालीका लागि NTC र NCELL मार्फत सचेतना एस.एम.एस. (SMS) सम्प्रेषण गर्ने। • मनसुन अवधिभर सञ्चार क्षेत्रमा हुने अवरोधलाई न्यूनीकरण गर्न र अवरोध भएमा तत्काल मर्मत गरी सेवा सुचारु गर्न आफ्ना सबै संयन्त्रलाई तयारी अवस्थामा राखे, राख लगाउने। • आपत्कालीन सञ्चार विषयगत क्षेत्रको नेतृत्व गर्ने।
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	जोखिम न्यूनीकरण, पूर्वानुमान तथा पूर्वसूचना, उद्धार	• अन्तर्गतका निकायहरू मार्फत मनसुनजन्य वर्षा तथा बाढीजन्य प्रकोपको पूर्वानुमान तथा पूर्वसूचना सम्प्रेषण, जोखिमयुक्त तटबन्धको जोखिम न्यूनीकरण तथा जोखिमयुक्त स्थानहरूमा आवश्यक तारजालीको व्यवस्थापन सम्बद्ध कार्यहरू गर्ने, गराउने।
परराष्ट्र मन्त्रालय	अन्तर्राष्ट्रिय समन्वय	• विपद्को समयमा आवश्यक परेमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने। • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि अन्तरदेशीय समन्वय गर्ने। • अत्यधिक वर्षाका कारण कोशी, गण्डकी तथा महाकाली जस्ता मुख्य नदीहरूमा बाढी आई डुबान हुने अवस्था आएमा उक्त नदीहरूमा सीमावर्ती जिल्लामा निर्मित बाँधका ढोकाहरू तत्काल खोल्न कुटनीतिक पहल गर्ने।
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	उद्धार	• मनसुनको अवधिभर विपद्को अवस्थामा तत्काल हवाई उद्धार गर्न नेपाल वायुसेवा निगम तथा निजी कम्पनीका जहाज तथा हेलिकप्टर परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखे। • पदमार्गमा रहेका पर्यटकहरूलाई मनसुनजन्य विपद्बारे पूर्वसूचना उपलब्ध गराउने व्यवस्था मिलाउने तथा विपद्को बेला पर्यटकहरूको उद्धार तथा राहतका कार्यहरूमा सहजीकरण र समन्वय गर्ने, गराउने।
युवा, श्रम तथा रोजगार मन्त्रालय	खोज तथा उद्धार	• विपद् व्यवस्थापन तालिम प्राप्त स्काउट जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गर्न तयारी अवस्थामा राखे, राख लगाउने।
जल तथा मौसम विज्ञान विभाग	पूर्वानुमान तथा पूर्वसूचना	• तीन दिनसम्मको मौसम पूर्वानुमान, तीन दिनसम्मको बाढी पूर्वानुमान र दैनिक रूपमा बाढीको पूर्वानुमान बुलेटिन अपडेट र जारी गर्ने। विषम अवस्थामा जुनसुकै बेला पनि बुलेटिन जारी गर्ने। • देशैभर फैलिन सक्ने भारी/धेरै भारी/अति भारी वर्षाको विशेष पूर्वानुमान पाँच दिन अगावै जारी गरी सरोकारवालाहरूलाई जानकारी गराउने। • बाढी प्रभावित विभिन्न नदी नालाहरूको बाढी अनुगमन तथा पूर्वानुमान गर्ने, हिमताल विस्फोट वा अन्य कारणले उत्पन्न हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रवाह गर्ने। • स-साना नदीहरूमा हुन सक्ने खहरे वहावको (Flash Flood) २-६ घण्टा अगाडि नै पूर्वानुमान गरी सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउने।
खानी तथा भूगर्भ विभाग	पहिरो जोखिम मूल्याङ्कन तथा पूर्वसूचना	• सबै प्रदेशहरूको Landslide inventory map तयार गर्ने। • मनसुनजन्य पहिरो सम्बन्धी आकस्मिक र विस्तृत (rapid and detailed landslide assessment) अध्ययन तथा अनुसन्धान गर्ने।

		• सम्बन्धित निकायको अनुरोधमा मनसुनजन्य प्रकोपबाट बस्तीहरूमा हुनसक्ने जोखिमको आकलन गर्ने।
जलस्रोत तथा सिंचाइ विभाग	जोखिम न्यूनीकरण, उद्धार, शीघ्र पुनर्निर्माण	• निर्माणाधीन आयोजनाका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न मनसुन अगावै अत्यावश्यक कार्यहरू सम्पन्न गर्ने। • मनसुनजन्य विपद्को प्रतिकार्यको लागि विभाग अन्तर्गतका यान्त्रिक कार्यालयहरू मातहत रहेका Excavator, Loader, Dump truck तयारी अवस्थामा राख्ने। • बाढी तथा पहिरो जोखिम न्यूनीकरण तथा रोकथामको लागि अन्तर्गतका निकायहरूमा आवश्यकता अनुसार तारजाली तयारी हालतमा राख्ने।
सडक विभाग	जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना	• मनसुनको अवधिभर बाढी पहिरोबाट हुन सक्ने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट चालकसहित तयारी अवस्थामा राख्ने। • अत्यावश्यक स्थानमा तत्काल पुऱ्याउन सकिने गरी बेलीब्रिजहरूलाई ढुवानीको साधन तथा जडान गर्ने जनशक्तिसहित Strategic Locations मा तयारी अवस्थामा राख्ने।
नेपाल विद्युत प्राधिकरण	शीघ्र पुनर्लाभ तथा सेवा पुनर्स्थापना	• मनसुनजन्य विपद्को अवधिमा विद्युत आपूर्ति अवरुद्ध भएमा तत्काल सुचारु गर्न आवश्यक स्रोत साधनसहित अन्तर्गतका निकायहरूलाई तयारी अवस्थामा राख्ने, राख्न लगाउने।
जिल्ला प्रशासन कार्यालय	समग्र नेतृत्व तथा प्रतिकार्य	• जिल्लास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने। • स्थानीय तहसँग समन्वय गरी विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित अद्यावधिक गर्ने। • विपद्जन्य घटनाका कारण सडक अवरोध भई यात्रुहरु फसेको अवस्थामा उद्धारका लागि तत्काल सम्पर्क गर्न सक्ने गरी बाढी, पहिरो लगायतका विपद्का दृष्टिले जोखिमयुक्त सडकका विभिन्न स्थानमा आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी १११४, विपद् उद्धार ११४९ लगायत) सहितको सूचना बोर्ड राख्ने व्यवस्था मिलाउने। • जिल्ला तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज, उद्धार तथा राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन गर्ने। • विपद् जोखिमको हिसाबले संवेदनशील सडक मार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका

		र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख्न योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने। • जिल्लास्थित सबै सुरक्षा निकायहरूलाई तयारी अवस्थामा राख्ने र जिल्लामा रहेका स्वयंसेवकहरू प्रभावकारी परिचालन गर्ने। • पूर्वतयारी तथा प्रतिकार्यको लागि विषयगत क्षेत्रका सम्बन्धित निकायहरू एवं संघ, प्रदेश र स्थानीय तहका विपद् सम्बद्ध निकायसँग समन्वय गर्ने। • जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि जिल्लामा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्ने। • विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने। • दक्षिणी सीमावर्ती क्षेत्रमा मनसुनको पानीको वहाव निकास अवरूद्ध हुन सक्ने स्थान पहिचान गर्ने। • भारतीय समकक्षी निकायसँगको समन्वयमा पानीको निकास खोल्ने र अवरोध हटाउने। • ठूलो बाढी आएमा मुख्य नदीहरूको जलमार्ग तथा ब्यारेजका ढोकाहरू खुला वा बन्द गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्ने।

६. प्रदेश र स्थानीय तह

निकाय	मुख्य जिम्मेवारी
प्रदेश सरकार	• प्रदेशस्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने। • प्रदेश तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज तथा उद्धार र राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने। • प्रदेश आपत्कालीन गोदामघरको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने। प्रदेशमा रहेका स्वयंसेवकहरू परिचालन गर्ने। • मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लागि प्रदेश तहका विषयगत क्षेत्रका सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी प्रभावकारी परिचालन गर्ने। संघ, जिल्ला र स्थानीय तहका विपद् सम्बद्ध निकायहरूसँग निरन्तर समन्वयको वातावरण तयार गर्ने। • प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्ने। • मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।
स्थानीय सरकार	• पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने। • विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित यथाशीघ्र अद्यावधिक गर्ने। • पूर्वसूचना, खोज तथा उद्धारका लागि आवश्यक पर्ने आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी १११४, विपद् उद्धार ११४९, मौसम तथा

	बाढी ११५५ लगायत) सहितको सूचना बोर्ड पालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक स्थलमा राख्ने व्यवस्था मिलाउने। साथै, पालिकाको वेवसाइट, सामाजिक सञ्जाल लगायतमा समेत सबैले स्पष्ट रुपमा पढ्न सक्ने गरी अपलोड गर्ने। • पालिकाभित्रका विपद् जोखिमको हिसाबले संवेदनशील सडकमार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख्न योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने। • स्थानीय समुदायलाई मनसुनजन्य विपद्प्रति जागरूक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। • मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राख्ने। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने। • पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने। • मनसुन अगावै सहर बस्तीका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने। • स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने। • मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने। • विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।

७. सुरक्षा निकाय

सुरक्षा निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

निकाय	मुख्य जिम्मेवारी
नेपाली सेना	• मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने। • केन्द्र, प्रदेश तथा जिल्लामा स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक सङ्ख्यामा प्रतिनिधि खटाउने। • विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था एवं आवश्यकता अनुसार टोली परिचालन गर्ने। • राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले निर्दिष्ट गरे अनुरूप मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने। • मनसुनजन्य विपद् प्रतिकार्यको लागि हवाई साधन तयारी अवस्थामा राख्ने।

नेपाल प्रहरी	• मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने। • केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने। • विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने। • स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने। • विपद्का घटना सम्बन्धी सूचना प्रवाह तथा तत्काल गरिने लेखाजोखामा सहयोग पुऱ्याउने।
सशस्त्र प्रहरी बल, नेपाल	• मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने। • केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमान्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने। • विपद्को अवधिमा खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने। • स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने। • विपद्का घटना सम्बन्धी सूचना प्रवाहमा सहयोग पुऱ्याउने।

८. आपत्कालीन कार्यसञ्चालन केन्द्र

राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीय र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

निकाय	मुख्य जिम्मेवारी
राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र	• मौसम पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • मनसुनको अवधिभर २४सै घण्टा देशभरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित अन्य निकायमा सम्प्रेषण गर्ने। • केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना र सञ्चालनमा सहयोग र सहजीकरण गर्ने। • विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने। • मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने। • आपत्कालीन गोदामघर सञ्चालन तथा मानवीय सहायता परिचालनको लागि समन्वय गर्ने।
प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र	• मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद् पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • मनसुनको अवधिभर २४सै घण्टा प्रदेशस्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुरुप सूचना संप्रेषण गर्ने। • प्रदेश मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।

	• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको प्रदेशस्तरीय नेतृत्व र समन्वय गर्ने। • विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने। • मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।
जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र	• मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • मनसुनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने। • जिल्ला मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने। • विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने। • विपद् प्रतिकार्यको बेला स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने। • मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।
स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र	• मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने। • मनसुनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने। • पालिका तहमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने। • विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने। • विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने। • मनसुनजन्य विपद्को बेला सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।
स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र	• आपत्कालीन उपचारको पूर्वतयारी, समन्वय र नेतृत्व गर्ने। • संघ, प्रदेश तथा स्थानीय तहमा रहेका अस्पतालको आपत्कालीन उपचार पूर्वतयारीको समन्वय र नेतृत्व गर्ने।
नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र	• रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राख्ने। • रक्तदाताहरूसँग रक्तदानका लागि समन्वय गर्ने। • आपत्कालीन अवस्थामा रक्तसङ्कलन तथा वितरण गर्ने भौगोलिक क्षेत्र निर्धारण गरी रगत सङ्कलन र आपूर्ति गर्न तयारी गर्ने। • सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने।

९. मनसुन प्रतिकार्य कमाण्ड पोष्ट

मनसुनको सुरुवातसँगै केन्द्रदेखि स्थानीय तहसम्म मनसुन प्रतिकार्य कमाण्ड पोष्ट तत्काल स्थापना भई आफ्नो जिम्मवारी बहन गर्ने छन्। केन्द्रीय कमाण्ड पोष्टको बनावट निम्न अनुसार रहने छः-

- कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -संयोजक
- प्रतिनिधि, सहसचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय - सदस्य
- प्रतिनिधि, सहसचिव, विपद् पूर्वतयारी तथा प्रतिकार्य हेर्ने महाशाखा, रा.वि.जो.न्यू.व्य. प्रा. -सदस्य
- प्रतिनिधि, (सहसचिवस्तर), भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य
- प्रतिनिधि, (सहसचिवस्तर), सूचना तथा सञ्चार मन्त्रालय -सदस्य
- महानिर्देशक, जलश्रोत तथा सिंचाइ विभाग -सदस्य
- महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग -सदस्य

- महानिर्देशक, सडक विभाग -सदस्य
- प्रतिनिधि, नेपाली सेना, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, नेपाल प्रहरी, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रमुख, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) -सदस्य-सचिव
- आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिने।

प्रदेश, जिल्ला तथा स्थानीय तहले आफ्नो विपद् व्यवस्थापन हेर्ने निकायको नेतृत्वमा आवश्यकता अनुसार आ-आफ्नो कमाण्ड पोष्टको बनावट निर्धारण गर्न सक्नेछन्।

कमाण्ड पोष्टको मुख्य जिम्मेवारी
• मनसुनजन्य विपद्को बेला समग्र प्रतिकार्यको नेतृत्व गर्ने। • मनसुनजन्य विपद्को अवधिमा प्रभावकारी प्रतिकार्यको लागि जिम्मेवार तथा सहयोगी निकायलाई निर्देशन दिने। • मनसुनको अवस्थाको निरन्तर निगरानी गर्ने र स्थिति प्रतिवेदन अनुसार जिम्मेवार निकायलाई तत्काल आवश्यक कार्य गर्न निर्देशन दिने। • मौसमको पूर्वानुमानका आधारमा सम्भावित विपद्को पूर्वसूचना प्रवाह र विपद्को बेला सम्पूर्ण सूचना प्रवाहको नेतृत्व गर्ने। • मनसुनजन्य विपद्को अवधिमा साधन स्रोत परिचालनको समन्वय तथा नेतृत्व गर्ने।

१०. निजी क्षेत्र तथा अन्य निकायहरु

निजी क्षेत्र तथा अन्य निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

निकाय	मुख्य जिम्मेवारी
निजी क्षेत्र	• मनसुनजन्य विपद् प्रतिकार्यको अवधिमा खाद्य तथा गैह्र खाद्य राहत सामग्री व्यवस्थापन, राहत ढुवानी, बजार व्यवस्थापन, नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षण कार्यमा सहजीकरण गर्ने। • खोज तथा उद्धारको लागि च्याफ्ट बोट, डुङ्गा, ड्रोन, हेलिकप्टर तथा गोताखोर टोली उपलब्ध गराउने।
यातायात तथा पारवहन	• पूर्वसूचनाको पूर्ण पालना गर्ने गराउने। • चालक, सहचालक मार्फत यात्रुहरूलाई सम्बन्धित क्षेत्रको मौसम पूर्वानुमान, विपद् जोखिमको अवस्था र अपनाउनु पर्ने सावधानीको बारेमा जानकारी गराउने।
विकास साझेदार/गैरसरकारी संघसंस्था/नागरिक समाज	• नेपाल रेडक्रस सोसाइटी लगायत अन्य गैरसरकारी तथा मानवीय सहायतामा सक्रिय निकायहरूले आ-आफ्नो क्षेत्र र क्षमताको आधारमा यस कार्ययोजना अनुसार मनुसनजन्य विपद् पूर्वतयारी र प्रतिकार्यमा सहयोग पुऱ्याउने। • स्टार्ट नेटवर्क अन्तर्गत स्टार्ट फन्ड मार्फत बाढीको जोखिमको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य गर्न रु. पाँच करोड (स्टार्ट रेडी समेत) विनियोजन गरेको र उक्त रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा परिचालन गर्ने।

सञ्चार क्षेत्र	• यस कार्ययोजना अनुसार मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि जनचेतना अभिवृद्धि, पूर्वसूचना तथा चेतावनी सम्प्रेषण र विपद्को समयमा यथार्थ र तथ्यपरक सूचना प्रवाह गर्ने।

खण्ड तीन : विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना

११. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
पूर्वतयारी क्रियाकलापहरू				
१	कार्यकारी समितिमा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि एजेण्डा प्रस्तुत गर्ने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA)	गृह मन्त्रालय	२०८२ चैत्र
२	योजना तयारीको लागि प्राविधिक टोलीको गठन गरी चरणबद्ध छलफल तथा कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने।	NDRRMA	सबै सरोकारवाला निकाय	२०८२ चैत्रदेखि २०८३ वैशाखसम्म
३	जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा मनसुनी वर्षा र त्यसले पार्नसक्ने प्रभावबारे पूर्वानुमान गर्ने।	NDRRMA	जल तथा मौसम विज्ञान विभाग	२०८३ वैशाख/जेठ
४	मनसुन पूर्वानुमान तथा सरोकारवालाको सहयोग र सहकार्यमा राष्ट्रिय पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण, अनुमोदन र कार्यान्वयन।	NDRRMA /प्रदेश सरकार/स्थानीय तह	सबै सरोकारवाला निकाय	२०८३ वैशाख/जेठ
५	सम्बन्धित निकायहरूको पूर्वतयारीका कार्यहरूमा समन्वय, सहजीकरण तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।	NDRRMA /प्रदेश सरकार/स्थानीय तह	सबै सरोकारवाला निकाय	२०८३ जेठ
६	कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूले पूर्वतयारी गरे नगरेको यकिन गर्ने।	NDRRMA/प्रदेश सरकार/स्थानीय तह	सबै सरोकारवाला निकाय	२०८३ जेठ
प्रतिकार्य क्रियाकलापहरू				
१	संघ, प्रदेश, जिल्ला, स्थानीय एवं विषय क्षेत्रगत आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग समन्वय गरी मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने।	NDRRMA /प्रदेश सरकार/स्थानीय तह	NEOC/DAO/सुरक्षा निकाय/विषय क्षेत्रगत निकाय	निरन्तर
२	आपत्कालीन गोदामघरहरू तयारी अवस्थामा राखी खोज, उद्धार तथा राहतको बेला राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा अनुसार तुरुन्त प्रतिकार्य गर्ने प्रबन्ध मिलाउने।	NDRRMA /प्रदेश सरकार/गोदामघरसँग सम्बन्धित विषयगत निकाय	सुरक्षा निकाय/सबै सरोकारवाला निकाय	निरन्तर

३	मनसुन प्रतिकार्य केन्द्रीय कमाण्ड पोष्ट स्थापना गर्ने। मनसुनको अवस्था र त्यसले निम्त्याउने विपद्को लगातार निगरानी गर्ने।	NDRRMA /गृह मन्त्रालय	सबै सरोकारवाला निकाय	मनसुनको सुरुवातसँगै
४	कमाण्ड पोष्ट मार्फत विपद्को अवस्थामा खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने र साधन स्रोत परिचालनमा सहजीकरण गर्ने।	NDRRMA	सबै सरोकारवाला निकाय	मनसुन अवधिभर
५	प्रभावमा आधारित पूर्वसूचना वा पूर्वानुमान वा विशेष बुलेटिन जारी भएपश्चात् त्यसबाट प्रभावित हुन सक्ने क्षेत्र र घरपरिवारको नक्साङ्कन तथा मूल्याङ्कन गरी उच्च जोखिमको संभावनाको पूर्वचेतावनी (एड्भाइजरी) जारी गर्ने, विपद्बाट उच्च प्रभावित हुन सक्ने परिवारको सुरक्षाका लागि सुरक्षित स्थानमा अस्थायी रुपमा स्थानान्तरण गरी आवश्यकता अनुसार शिविर सञ्चालन गर्ने र विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार नगद सहायता रकम लगायतका तत्काल राहत परिचालन तथा व्यवस्थापन गर्ने।	जल तथा मौसम विज्ञान विभाग, NDRRMA, स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति	Leads & Co-Leads, विपद् सम्वद्ध संघसंस्थाहरु, सुरक्षा निकाय, निजी क्षेत्र	पूर्वचेतावनी (एड्भाइजरी) जारी हुने वित्तिकै
६	कार्यकारी समिति र तालुक मन्त्रालयलाई मनसुन र मनसुनजन्य विपद्बारे नियमित जानकारी तथा रिपोर्टिङ गर्ने र आवश्यकता अनुसार सल्लाह र सुझाव दिने।	NDRRMA	गृह मन्त्रालय	नियमित रुपमा
७	खोज, उद्धार तथा राहत व्यवस्थापनमा सरकारी, गैरसरकारी निकाय, सुरक्षा निकाय, संयक्त राष्ट्रसङ्घीय निकाय, मानवीय क्षेत्रमा क्रियाशील संघसस्था, दातृ निकाय, निजी क्षेत्र आदिसँग समन्वय र सहकार्य गर्ने।	NDRRMA	गृह मन्त्रालय, सबै सरोकारवाला निकाय	मनसुनजन्य विपद्को अवधिभर
८	जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा मनसुन र त्यसले पार्नसक्ने प्रभावबारे लगातार पूर्वानुमान बुलेटिन जारी गरी सबैलाई सचेत तुल्याउने।	NDRRMA	जल तथा मौसम विज्ञान विभाग	मनसुन अवधिभर
९	सञ्चार माध्यमहरू मार्फत मनसुनजन्य विपद् र त्यसले पुऱ्याउने क्षतिबारे सचेतनामूलक जानकारी प्रचारप्रसार एवं प्रसारण गर्ने व्यवस्था मिलाउने।	NDRRMA	MoCIT, सञ्चारका माध्यम तथा अन्य सरोकारवाला निकाय	मनसुन अवधिभर

१०	मनसुन सुरु भए पश्चात् ३० दिन, ६० दिन, ९० दिन र मनसुन बहिर्गमन पश्चात् मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको समग्र अवस्थाबारे समीक्षा र लेखाजोखा गर्ने।	NDRRMA /मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण कार्यदल	विज्ञ समूह तथा दातृ निकाय	मनसुन सुरु भएको दिनदेखि लागू हुनेगरी ३० दिन, ६० दिन, ९० दिन र मनसुन बहिर्गमन पश्चात्

१२. विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

१२.१ बन्दोबस्ती विषयगत क्षेत्र (Logistics Cluster) (नेतृत्व गृह मन्त्रालय तथा सह-नेतृत्व विश्व खाद्य कार्यक्रम)

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
पूर्वतयारी तथा प्रतिकार्य क्रियाकलापहरू				
१	विपद् प्रतिकार्य (Search & Rescue) तथा राहत सामग्रीहरूको मौज्दात अद्यावधिक गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र स्थानीय तह	विश्व खाद्य कार्यक्रम र साझेदार निकाय	२०८३ जेठ १५ गतेभित्र
२	खोज, उद्धार तथा राहत सामग्रीको पर्याप्त मौज्दात सुनिश्चित गर्न विकास साझेदार, गैरसरकारी संघसंस्था एवं निजी क्षेत्रसँग समन्वय गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र स्थानीय तह	विश्व खाद्य कार्यक्रम, गैर सरकारी संस्थाहरू तथा निजी क्षेत्र	२०८३ जेठ मसान्तभित्र
३	खोज, उद्धार तथा राहत सामग्री सम्भावित आवश्यकताका स्थानहरूमा भण्डारण गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र स्थानीय तह	विश्व खाद्य कार्यक्रम	२०८३ जेठ मसान्तभित्र
४	बन्दोबस्ती सामग्रीको भन्सार जाँचपास प्रक्रिया (Custom Clearance) मा सहजीकरण गर्ने।	गृह मन्त्रालय	अर्थ मन्त्रालय	निरन्तर
५	विपद्को समयमा खोज, उद्धार तथा राहत सामग्रीको सहज ढुवानी सुनिश्चित गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार, स्थानीय तह, DAOs	सडक विभाग, विश्व खाद्य कार्यक्रम, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा वायुसेवा प्रदायकहरू	निरन्तर
६	प्रादेशिक तथा जिल्लास्थित गोदामघरहरूको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।	गृह मन्त्रालय, NDRRMA	विश्व खाद्य कार्यक्रम, प्रदेश सरकार तथा DAOs	२०८३ जेठ मसान्तभित्र
७	विपद् प्रभावित क्षेत्रमा मानवीय सहायता उपलब्ध गराउन समस्याको पहिचान तथा वैकल्पिक मार्गहरूको नक्साङ्कन गर्ने।	गृह मन्त्रालय, सडक विभाग	NDRRMA, सुरक्षा निकाय तथा DAOs	निरन्तर
८	विपद् प्रतिकार्यका लागि हेलिकप्टर तयारी अवस्थामा राख्ने।	गृह मन्त्रालय, नेपाली सेना	NDRRMA, हवाई सेवा प्रदायकहरू	मनसुन अवधिभर

९	आवश्यकता अनुसार बन्दोबस्ती विषयगत क्षेत्र (Logistic Cluster) को बैठक सञ्चालन गर्ने।	गृह मन्त्रालय	विश्व खाद्य कार्यक्रम	निरन्तर
१०	राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय तहमा बन्दोबस्ती सामग्रीको आवश्यक व्यवस्थापनका लागि समन्वय र सूचना प्रवाहमा सहयोग गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार, स्थानीय तह, DAOs	विश्व खाद्य कार्यक्रम	निरन्तर
११	बन्दोबस्ती सामग्रीको संकलन, भण्डारण र परिचालन सम्बन्धी विद्युतीय अभिलेखलाई अद्यावधिक गर्ने।	गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार, स्थानीय तह, DAOs	विश्व खाद्य कार्यक्रम	निरन्तर
१२	बाढी र डुबानको जोखिममा रहेका जिल्लामा पूर्वभण्डारण गरिएका डुङ्गाको सञ्चालन अवस्था सुनिश्चित गर्ने।	MoHA/NDRRMA	सुरक्षा निकायहरू	निरन्तर
१३	विषयगत समूह सदस्यहरूबाट प्राप्त खोज, उद्धार तथा राहत सामग्रीको सूची प्रकाशित गर्ने।	MoHA/NDRRMA	प्रदेश सरकार, स्थानीय सरकार, विश्व खाद्य कार्यक्रम	निरन्तर
१४	खोज तथा उद्धारमा संलग्न निकायहरूका विद्यमान स्रोत साधनको अभिलेखलाई अद्यावधिक गर्ने।	MoHA/NDRRMA	नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय तह	२०८३ जेठ मसान्तभित्र

१२.२ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (Early Recovery Cluster) (नेतृत्व भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सह-नेतृत्व UNDP)

क्र.स.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
१	मनसुनको समयमा हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै आवश्यकता अनुरूप Debris Management, Information Management and System Support, Governance Support, Livelihood/Cash for Work and Disaster Risk Reduction/Preparedness का क्षेत्रहरूमा तयारी अवस्थामा रहने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	स्थानीय तह, UNDP शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (ERC) का सदस्यहरु तथा सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकायहरू	२०८३ असारदेखि कार्तिकसम्म
२	मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहलाई मनसुन अगावै पूर्वतयारी तथा जोखिम न्यूनीकरणको उपायहरूका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	स्थानीय तह, UNDP शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु, सम्बन्धित साझेदार निकाय र क्रियाशील सामुदायिक संस्थाहरू तथा नागरिक मञ्च	नियमित रूपमा

३	स्थानीय समुदायमा क्रियाशील विकास साझेदार संघसंस्था, गैर सरकारी संघसंस्थाहरूलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहसँग सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउन पत्राचार गर्ने एवं शीघ्र पुनर्लाभ क्षेत्र तथा CBDRM Platform मार्फत अनुरोध गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सबै स्थानीय तह, UNDP ERC का सदस्यहरु र स्थानीय समुदाय	मनसुन सुरु हुनुपूर्व
४	विभिन्न क्षेत्रहरूसँग समन्वय गरी सम्भावित विपद्बाट हुन सक्ने अनुमानित विस्थापितहरूलाई पुग्ने सात दिनसम्मको सरसफाइ, अस्थायी आवास तथा औषधोपचारको प्रबन्ध मिलाउन समन्वय गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	स्थानीय तह, UNDP शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु, विकास साझेदार संघसंस्थाहरू र सम्बन्धित स्थानीय समुदाय	२०८३ असारदेखि कार्तिकसम्म
५	विपद्को कारणबाट रोजगारी गुमाएका विपन्न तथा संकटासन्न परिवार तथा नागरिकका लागि शीघ्र पुनर्लाभ क्षेत्र मार्फत समन्वय गरी नगद वा खाद्यका लागि नगद कार्यक्रम सञ्चालनमा समन्वय गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	स्थानीय तह, UNDP ERC का सदस्यहरु तथा विकास साझेदार संस्थाहरू	२०८३ असारदेखि कार्तिकसम्म
६	गर्मीयामसँगै सर्पदंशका घटनाहरू बढ्ने भएकोले सचेतनाको कार्यक्रम, प्रचारप्रसार र सतर्कताका कार्यहरू सञ्चालन गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	सम्बन्धित स्थानीय तह तथा कार्यरत साझेदार निकाय, सामुदायिक संस्थाहरू	नियमित रूपमा
७	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम कीटजन्य रोगको रोकथामका उपायहरू अवलम्बन गर्ने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	MoHP, सम्बन्धित स्थानीय तह तथा स्थानीयतहमा कार्यरत साझेदार निकाय, क्रियाशील सामुदायिक संस्थाहरू	नियमित रूपमा

१२.३ स्वास्थ्य विषयगत क्षेत्र तथा पोषण विषयगत क्षेत्र (Health Cluster and Nutrition Cluster) (नेतृत्व स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय तथा सह-नेतृत्व WHO र UNICEF)

क्र.स.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
स्वास्थ्य विषयगत क्षेत्र अन्तर्गत पूर्वतयारीको क्रियाकलापहरू					
१	विपद्को समयमा प्रतिकार्य गर्नका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने (तालिम, अभिमुखीकरण, घटना परिदृश्य अभ्यास आदि)।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई), राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र	विभागहरू, केन्द्र तथा प्रतिष्ठानहरू केन्द्रीयस्तरका अस्पतालहरू, प्रादेशिक तथा स्थानीय मातहतका स्वास्थ्य संस्थाहरू (हब तथा स्याटेलाइट	नियमित	

			अस्पतालहरू), विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू		
२	स्वास्थ्य क्लस्टर साझेदार संस्थाहरूको म्यापिङको अद्यावधिक गर्ने (सम्पर्क सूची, उपलब्ध पूर्व निर्धारित स्टक, रसद र स्वास्थ्य मानव संसाधन)।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	मनसुन सुरु हुनुपूर्व	
३	विपद् व्यवस्थापन सम्बन्धी स्वास्थ्य जनशक्ति परिचालनका लागि रोस्टर व्यवस्थापन गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय /कर्मचारी प्रशासन महाशाखा, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह	प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (HEOC) हरू, हब अस्पतालहरू सरकारी तथा निजी अस्पतालहरू, चिकित्सक /स्वास्थ्यकर्मीहरू	मनसुन सुरु हुनुपूर्व	
४	हब तथा स्याटेलाइट अस्पतालहरूको स्रोत म्यापिङ अद्यावधिक गर्ने।	HEOCs	केन्द्रीय, प्रादेशिक र हब अस्पतालहरू, निजी अस्पतालहरू, अन्य संघ संस्थाहरू	मनसुन सुरु हुनुपूर्व	
५	रोग संक्रमण निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान गर्ने र जोखिमको आधारमा प्राथमिकीकरण गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश तहका मन्त्रालय, मातहतका निकाय र स्थानीय तह	व्यवस्थापन महाशाखा HEOCs, हब अस्पतालहरू, स्थानीय स्वास्थ्य संस्थाहरू, खानेपानी तथा सरसफाई मन्त्रालय, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	निरन्तर	
६	एम्बुलेन्स सम्बन्धी कर्मचारी (चालक, आकस्मिक चिकित्सकीय प्राविधिक, प्रेषक), द्रुत प्रतिकार्य टोली र आकस्मिक चिकित्सकीय टोलीको क्षमता अभिवृद्धि गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई / HEOC) स्वास्थ्य सेवा विभाग राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र	प्रादेशिक स्वास्थ्य तालिम केन्द्रहरू, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	निरन्तर	
७	रणनीतिक स्थानहरूमा आकस्मिक औषधि तथा औषधिजन्य सामग्रीहरूको भण्डारण गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा	प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू	मनसुन सुरु हुनुपूर्व	

		विपद् व्यवस्थापन इकाई / HEOC), स्वास्थ्य सेवा विभाग प्रदेश तहका मन्त्रालय र मातहतका निकाय र स्थानीय तह	प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरू, विश्व स्वास्थ्य (WHO) नेपाल र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू		
८	विपद्का बेला हुन सक्ने स्वास्थ्य जोखिम कम गर्न गरिने सूचना, शिक्षा तथा सञ्चार सामग्री तयारी अवस्थामा राख्ने।	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू	WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	मनसुन सुरु हुनुपूर्व	
९	आपत्कालीन अवस्थामा जरूरी पर्ने आवश्यक आर्थिक स्रोत र साधनको व्यवस्थापन गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह	प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	मनसुन सुरु हुनुपूर्व	
१०	प्रजनन स्वास्थ्य विषयगत क्षेत्र (RH sub-cluster) को बैठकमा भइरहेका र गर्नुपर्ने क्रियाकलापहरूबारे छलफल तथा अद्यावधिक गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, परिवार कल्याण महाशाखा	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA)	नियमित रूपमा	
११	प्रजनन स्वास्थ्य विषयगत क्षेत्र मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा (MISP) सम्बन्धी तालिम/अभिमुखीकरण प्राप्त स्वास्थ्यकर्मीको नक्साङ्कन अद्यावधिक गर्ने र आवश्यकताका आधारमा क्षमता अभिवृद्धि गर्ने।	परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA)	२०८३ बैशाख भित्र नक्शाङ्कन गर्ने	
१२	लैंगिक हिंसाको स्वास्थ्य प्रतिकार्य तथा विपद्को अवस्थामा यौन तथा प्रजनन स्वास्थ्यको जोखिम कम गर्न आवश्यक सूचना, शिक्षा तथा सञ्चार सामग्री तयारी अवस्थामा राख्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, परिवार कल्याण महाशाखा	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA), नेपाल रेडक्रस सोसाइटी (NRCS)	२०८३ आषाढ	
१३	स्थानीय स्तरका LDCRF योजनाहरूमा यौन तथा प्रजनन स्वास्थ्यका पूर्वतयारीका विषयवस्तुहरु समावेश गर्ने।	स्थानीय तह	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA)	नियमित	

१४	विपद् प्रभावितहरूमा हुन सक्ने मनोसामाजिक समस्याको पहिचान तथा निराकरणको लागि समयमा समुदायमा आधारित मनोसामाजिक परामर्शदाता मार्फत तालिम गर्ने।	इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, मानसिक अस्पताल, स्थानीय तह	WHO र मानसिक स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	निरन्तर	
१५	आत्महत्या रोकथाम हेल्पलाईन ११६६ सञ्चालन गर्ने।	मानसिक अस्पताल	WHO र मानसिक स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	निरन्तर	
१६	• द्रुत प्रतिक्रिया टोली (Rapid Response Team – RRT): सङ्क्रमण/महामारी व्यवस्थापनका लागि भूमिका तथा जिम्मेवारी सहितको द्रुत प्रतिक्रिया टोली सङ्घीय तह तथा प्रत्येक प्रदेश, जिल्ला र गाउँ /नगरपालिकामा गठन गर्ने। RRT लाई द्रुत प्रतिक्रिया टोली (RRT) तथा आपतकालीन चिकित्सकीय टोली (EMT) परिचालन निर्देशिका, २०७९ अनुसार परिचालन तथा मार्गनिर्देशन गर्ने। (https://edcd.gov.np/resource-detail/rrt-guideline) • आपत्कालीन चिकित्सकीय टोली (Emergency Medical Team – EMT): प्रत्येक हब तथा स्याटेलाइट अस्पताल सञ्चालमा दुई वटा EMT (एक सामूहिक दुर्घटना व्यवस्थापनका लागि र अर्को सङ्क्रामक जोखिम व्यवस्थापनका लागि) गठन गर्ने। यी टोलीहरूले सबैभन्दा बढी प्रभावित क्षेत्रका अस्पतालहरूमा परिचालित भई ट्रमा वा सङ्क्रामक रोग व्यवस्थापनमा सहयोग गर्ने, जसका लागि EMT Deployment SOP 2081 मा उल्लेखित प्रक्रिया तथा संयन्त्रअनुसार कार्य गर्ने।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह	प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	मनसुन सुरु हुनुपूर्व	

	(https://heoc.mohp.gov.np/guidelines-publications/emergency-medical-team-sop/detail)				
पोषण विषयगत क्षेत्र अन्तर्गत पूर्वतयारीको क्रियाकलापहरू					
१	सङ्घीय तथा प्रदेश तहका पोषण क्लस्टरको क्षमता (जनशक्ति, सेवा प्रवाह, आपूर्ति व्यवस्थापन) को द्रुत मूल्यांकन तथा सुदृढीकरण गर्ने।	स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरू (DoHS, FWD, NS, MoH/SD,PHD, HO)	पोषण क्लसटरका सदस्यहरू	२०८३ जेष्ठ मसान्तभित्र	
२	पोषण कलस्टरको बैठक बसी मनसुनको कारणले हुने आपत्कालीन अवस्थाको न्यूनीकरणको लागि कार्ययोजना तयार गर्ने।	(DoHS, FWD, NS, MoH/SD,PHD, HO)	पोषण क्लसटरका सदस्यहरू र युनिसेफ	२०८३ जेष्ठ मसान्तभित्र	
३	कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री समयमै खरिद गरी रणनीतिक स्थानहरू (सातै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरू) मा मौजदात राख्ने तथा उच्च जोखिम जिल्लाहरूमा कम्तीमा २—३ महिनाको बफर स्टक रहेको सुनिश्चित गर्ने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य /सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरू र स्वास्थ्य कार्यालयहरू	पोषण क्लस्टरका सदस्यहरू र युनिसेफ	मनसुन अवधिभर	
४	आपत्कालीन अवस्थामा पोषण सामग्रीहरूको समयमा नै ढुवानीको व्यवस्था मिलाउने र आवश्यकता अनुसार वैकल्पिक ढुवानी प्रणाली (हवाई, स्थल, स्थानीय साधन) को पूर्वतयारी योजना अनुरुप कार्यान्वयन गर्ने।	स्वास्थ्य सेवा विभाग, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरू र स्वास्थ्य कार्यालयहरू	आपूर्ति व्यवस्थापन क्लस्टर, पोषण क्लस्टरका सदस्यहरू, युनिसेफ, विश्व खाध्य कार्यक्रम (WFP)	२०८३ जेष्ठ मसान्तभित्र	

५	पोषण क्षेत्रको सूचना प्रणालीलाई अद्यावधिक गर्ने (4W नक्साङ्कनसहित उच्च जोखिम क्षेत्रहरूको GIS आधारित पहिचान गर्ने)।	(DoHS, FWD, NS) (PMoH/SD, PHD, PHSMCs & HOs)	पोषण क्लस्टरका सदस्यहरू, विश्व खाद्य कार्यक्रम, युनिसेफ	२०८३ जेष्ठ मसान्तभित्र	
६	आपत्कालीन अवस्थामा अत्यावश्यक पोषण सेवाहरू अवरुद्ध नहुने गरी आवश्यक जनशक्ति, बजेट तथा स्रोतको सुनिश्चितता गर्ने तथा सोको लागि पैरवी गर्ने।	(MoFAGA, DoHS, FWD, NS, PMoH/SD, PHD & Hos)	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ जेष्ठ मसान्तभित्र	
७	आपत्कालीन अवस्थामा अन्तर विषयगत क्षेत्रहरूसँग समन्वय र सहकार्य गर्ने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरू	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ जेष्ठ मसान्तभित्र	
८	आपत्कालीन अवस्थामा शिशु तथा बालबालिकाको आहार (IYCF-E) सम्बन्धी तयारी तथा मार्गदर्शन सुनिश्चित गर्ने।	स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरू	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ जेष्ठ मसान्तभित्र	
स्वास्थ्य विषयगत क्षेत्र अन्तर्गत प्रतिकार्यको क्रियाकलापहरू					
१	विपद्को असरका आधारमा सङ्घीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय	HEOCs	२०८३ जेष्ठ – असोज	
२	विपद् पश्चात स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने व्यवस्था मिलाउने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, HEOCs	प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य विषयगत क्षेत्रका सदस्य संस्थाहरू	२०८३ जेष्ठ – असोज	
३	सञ्चार माध्यमहरू जस्तैः रेडियो, टिभी, अनलाईन तथा सामाजिक सञ्जाल मार्फत सन्देशमूलक सूचना प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने।	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू	WHO, संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA), स्वास्थ्य विषयगत क्षेत्रका सदस्य संस्थाहरू	मनसुन अवधिभर	

४	प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन गर्ने।	स्वास्थ्य सेवा विभाग प्रदेश मातहतका निकाय र स्थानीय तह	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, HEOCs, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	विपद् अवधिभर	
५	प्रभावित स्थानमा आकस्मिक चिकित्सकीय टोली परिचालन गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई /HEOC)	प्रादेशिक HEOCs, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	विपद् अवधिभर	
६	प्रभावित स्थानमा हैजा किटहरू, एल.एल.आइ.एन र खोपहरूसहित आवश्यक औषधि तथा औषधीजन्य सामग्रीहरू व्यवस्था गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग (इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह	प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू, प्रादेशिक स्वास्थ्य आपूर्ति केन्द्रहरू, WHO, युनिसेफ र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	विपद् अवधिभर	
७	प्रभावित स्थानमा एम्बुलेन्स परिचालन गरी अस्पताल-पूर्वसेवा प्रदान गर्ने।	HEOC र प्रादेशिक प्रेषण केन्द्रहरू	जिल्ला प्रशासन कार्यालय, सम्बन्धित स्वास्थ्य संस्था तथा अन्य संघसंस्थाहरू	विपद् अवधिभर	
८	विरामी तथा घाइतेहरूको स्वास्थ्य उपचार गर्ने।	सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू	स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय (MoHP, DoHS)	विपद् अवधिभर	
९	नमुना परीक्षण गर्ने।	सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू	स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाहरू, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला	विपद्को बेला	
१०	शव व्यवस्थापन गर्ने।	जिल्ला प्रशासन कार्यालय	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रादेशिक सरकार, स्थानीय सरकार, शव वाहन संस्थाहरू	विपद्को बेला	

११	सम्भावित महामारीको उपचार तथा व्यवस्थापन गर्ने।	सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू	स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	विपद्को बेला	
१२	यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रभावित क्षेत्रमा नसर्ने र सरुवा रोगहरूको हेरचाहको निरन्तरता लगायतका अत्यावश्यक एवं नियमित स्वास्थ्य सेवाहरूको निरन्तरता सुनिश्चित गर्ने।	सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू	स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय (MoHP, DoHS)	मनसुन अवधिभर	
१३	मनसुन प्रतिकार्यमा भेक्टर नियन्त्रणका कार्यहरू सुनिश्चित गर्ने।	इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	२०८३ जेष्ठ – असोज	
१४	विपद् प्रभावित स्थानहरूमा प्रजनन स्वास्थ्य विषयगत क्षेत्र (RH sub-cluster) मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा (MISP) प्रारम्भ गर्ने।	परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA)	मनसुन अवधिभर	
१५	अत्यावश्यक यौन तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी परामर्श, जानकारी दिने र आकस्मिक प्रसुति सेवाहरू सुचारु गर्न अति विपद् प्रभावित क्षेत्रहरूमा घुम्ती प्रजनन स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने।	परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र	संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (UNFPA)	मनसुन अवधिभर	
१६	मानसिक स्वास्थ्य र मनोसामाजिक समर्थन (MHPSS) समन्वय प्लेटफर्म सक्रिय गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा	विश्व स्वास्थ्य संगठन नेपाल र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	२०८३ जेष्ठ – असोज	
१७	आपत्कालीन अवस्थामा मानसिक स्वास्थ्यको द्रुत स्रोत म्यापिङ गर्ने	इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा	विश्व स्वास्थ्य संगठन नेपाल र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू	२०८३ जेष्ठ – असोज	

१८	आवश्यकता अनुसार Nutrition, WASH, Protection लगायत अन्य Cluster सँग कार्यगत समन्वय र सहकार्य गर्ने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (Health Cluster)	Nutrition, WASH, Protection लगायत अन्य Cluster	मनसुन अवधिभर	
पोषण विषयगत क्षेत्र अन्तर्गतका प्रतिकार्यको क्रियाकलापहरू					
१	सङ्घीय पोषण क्लस्टर तथा प्रादेशिक तहका स्वास्थ्य तथा पोषण क्लस्टरहरूलाई सक्रिय बनाई परिचालनका लागि नियमित बैठक सञ्चालन गर्ने तथा गर्न उत्प्रेरित गर्ने।	स्वास्थ्य सेवा विभाग/परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	
२	स्थानीय तहमा कार्यान्वयन गरिएका कार्यक्रमहरूलाई व्यवस्थित गरी आपत्कालीन अवस्थामा प्रतिकार्य गर्न सक्षम बनाउने।	भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	
३	विपद् लक्षित उमेर समुहहरूको पोषण अवस्थाको द्रूत लेखाजोखा (MUAC screening) गर्ने व्यवस्था मिलाउने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य /सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र स्थानीय तहहरू	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	
४	रेडियो, टिभी, अनलाईन, सामाजिक संजाल तथा सञ्चार सामग्रीहरू मार्फत IYCF, सरसफाइ तथा पोषणसम्बन्धी व्यवहार परिवर्तन सन्देश प्रवाह गरी जनचेतना अधिवृद्धि गर्ने।	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र, परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	

५	बाढी, पहिरोबाट प्रभावित लक्षित उमेर समुह (किशोरकिशोरी, गर्भवती महिला, सुत्केरी आमा तथा पाँच वर्ष मुनिका बालबालिकाहरू) को पहिचान गर्ने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	
६	बाढी, पहिरो, डुबान, पानीजन्य रोगको जोखिमयुक्त ठाउँमा आवश्यकता अनुसार पोषण सामग्रीहरूको उचित व्यवस्थापन गरी लक्षित उमेर समुहहरूलाई शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन निर्देशिका अनुसार आवश्यक उपचार तथा पोषण सेवा उपलब्ध गराउने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असारदेखि भाद्र मसान्तसम्म	
७	जोखिमयुक्त स्थानमा आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने।	स्वास्थ्य सेवा विभाग /परिवार कल्याण महाशाखा, प्रदेश स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यलय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	२०८३ असार देखि भाद्र मसान्त सम्म	
८	आवश्यकता अनुसार मातृ शिशुमैत्री स्थान स्थापना गर्ने। साथै, गम्भीर कुपोषित लक्षित वर्गहरूको लागि प्रभावकारी रेफरल प्रणाली सञ्चालन गर्ने।	स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यलय र स्थानीय तह	पोषण क्लस्टरका सदस्यहरू, WFP, युनिसेफ	मनसुन अवधिभर	

१२.४ खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन (WASH Cluster) विषयगत क्षेत्र (नेतृत्व पूर्वाधार विकास मन्त्रालय तथा सह-नेतृत्व UNICEF)

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
पूर्वतयारीका क्रियाकलापहरू					
१	खानेपानी तथा सरसफाइ विषयगत क्षेत्र (WASH Cluster) को क्षमताको पुनरावलोकन तथा अद्यावधिक (आपूर्ति, मानव संसाधन, कोष, अन्य) गर्ने।	पूर्वाधार विकास मन्त्रालय, युनिसेफ	क्लस्टरका सहयोगी संस्थाहरु	२०८३ वैशाखभित्र	

२	प्रादेशिक खानेपानी तथा सरसफाइ क्लस्टरको पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन तथा अद्यावधिक गर्ने।	प्रदेशस्तरीय खानेपानी तथा सरसफाइ क्लस्टर /पूर्वाधार विकास मन्त्रालय	प्रदेशस्तरीय क्लस्टर /प्रदेशस्तरीय डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय र प्रदेशस्तरीय क्लस्टर सदस्य संस्थाहरू	२०८३ जेष्ठभित्र	
३	मनसुनलाई ध्यानमा राख्दै 4W/CSDA ढाँचाको पुनरावलोकन गर्ने।	पूर्वाधार विकास मन्त्रालय	विषयगत क्षेत्रका सदस्य	२०८३ जेष्ठभित्र	
४	आपूर्ति सामग्री तथा सेवा उपलब्ध गराउने संस्थाहरूसँग तत्काल साझेदारीका लागि सूची तयार पार्ने।	पूर्वाधार विकास मन्त्रालय /क्लस्टरका सदस्य संस्थाहरू	विषयगत क्षेत्रका सदस्य	२०८३ वैशाखभित्र	
प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलापहरू					
१	विपद्को असरका आधारमा क्लस्टर सदस्यहरूको बैठक बसी प्रकोपको प्रभाव र खानेपानी तथा सरसफाइ सम्बन्धी तत्कालका आवश्यकता र क्षमताको मापन गर्ने।	पूर्वाधार विकास मन्त्रालय	UNICEF	प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र	
२	प्रकोप प्रभावित प्रदेश तथा पालिकाहरूसँग सम्पर्कमा रही प्रकोपले पुऱ्याएको क्षतिको विवरण र तत्काल प्रतिकार्य सम्बन्धी आवश्यकताको विवरण संकलन गर्ने।	खानेपानी तथा ढल व्यवस्थापन विभाग /खानेपानी तथा ढल व्यवस्थापन कार्यालयहरु /प्रादेशिक खानेपानी तथा सरसफाइ डिभिजनहरू	प्रदेशस्तरीय क्लस्टरका प्रमुख /क्लस्टर सदस्य संस्थाहरू	प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र	
३	विपद् प्रभावित क्षेत्रहरूमा सबैका लागि अत्यावश्यक दैनिक उपभोग्य जीवन बचाउने (life-saving) WASH सामग्री उपलब्ध गराउने।	प्रदेशस्तरीय क्लस्टरका प्रमुख /क्लस्टर सदस्य संस्थाहरू	खानेपानी तथा ढल व्यवस्थापन विभाग /खानेपानी तथा ढल व्यवस्थापन कार्यालयहरु /प्रादेशिक खानेपानी तथा सरसफाइ डिभिजनहरु र क्लस्टर सदस्य संस्थाहरु	प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र	

४	खानेपानी तथा सरसफाइको क्षेत्रमा धेरै क्षति पुगेको खण्डमा आवश्यकता पहिचान गर्नका लागि क्षति मापन गर्ने टोलीको तयारी तथा परिचालन गर्ने।	पूर्वाधार विकास मन्त्रालय /खानेपानी तथा ढल व्यवस्थापन विभाग /खानेपानी तथा ढल व्यवस्थापन कार्यालय	क्लस्टरका सदस्य संस्थाहरू	४८ घण्टा देखि १० दिनभित्रमा	
५	IRA पश्चात् आवश्कतानुसार अन्य विषयगत समुहहरूसँग समन्वय गर्ने।	पूर्वाधार विकास मन्त्रालय	अन्य सम्बन्धित Cluster Lead निकाय	विपद्को ७२ घण्टाभित्र	
६	सूचना व्यवस्थापन प्रणाली (4Ws), प्रतिकार्य आवश्यकता र प्रगति प्रतिवेदन व्यवस्थापन सम्बन्धी संयन्त्र तयार गर्ने।	पूर्वाधार विकास मन्त्रालयसहित प्रदेशको संयोजन गर्ने संस्थाहरू	क्लस्टरका सदस्य संस्थाहरू र UNICEF	३ दिनदेखि ७ दिनभित्रमा	
७	IRA/IDA/Situation Report को आधारमा प्रतिकार्यको लागि अपुग साधन स्रोतको पहिचान गरी उक्त स्रोत जुटाउनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायहरूसँग सहयोगको आव्हान गर्ने।	पूर्वाधार विकास मन्त्रालय	क्लस्टरका सदस्य संस्थाहरू र UNICEF	१५ दिनभित्र	
८	विपद् प्रतिकार्यको आवश्यकताको आधारमा विषयगत समूहभित्रै Technical Working Groups बनाउने।	पूर्वाधार विकास मन्त्रालय	क्लस्टरका सदस्य संस्थाहरू र UNICEF	मनसुन अवधिभर	
९	प्रतिकार्यको अवस्था र प्रभावकारिताको मापन गर्न संयुक्त अनुगमन (Joint Monitoring Visits) गर्ने व्यवस्था मिलाउने।	पूर्वाधार विकास मन्त्रालय र प्रादेशिक क्लस्टर	क्लस्टरका सदस्य संस्थाहरू र UNICEF	मनसुन अवधिभर	

१२.५ आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र (Emergency Shelter Cluster) र शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र (CCCM) (नेतृत्व पूर्वाधार विकास मन्त्रालय तथा सह-नेतृत्व IFRC र IOM)

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र					
१.	विपद् प्रभावित क्षेत्रहरूमा आवासको लागि गैरखाद्य (NFI), Emergency life saving kits राहत वितरण गर्ने।	पूर्वाधार विकास मन्त्रालय / सहरी विकास तथा भवन निर्माण विभाग (MoUD /DUDBC), Shelter	स्थानीय तहहरू ,प्रादेशिक क्लस्टर, Shelter क्लस्टरका सदस्य संस्थाहरू	मनसुन अवधिभर	

		क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC, Nepal			
२.	विपद् प्रभावित क्षेत्रहरूमा प्रभावितहरुको आवास सम्बन्धी प्रमुख आवश्यकता, उपलब्ध स्रोत तथा क्षमताको पहिचान तथा अन्तरहरू पहिचान गर्ने।	DUDBC /सबै सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सङ्घीय आयोजना कार्यान्वयन इकाई /सघन सहरी तथा भवन निर्माण आयोजना	स्थानीय तह, Shelter Cluster Nepal, प्रदेश स्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय तथा सह नेतृत्व सम्पर्क विन्दु (प्रादेशिक क्लस्टर)	वैशाख /मनसुन अवधिभर	
३.	IRA का आधारमा आवास प्रतिकार्यमा अपुग भएका विषयहरूको पहिचान गरी आवश्यक स्रोतको माग गर्ने, आवश्यक भएका थप स्रोत जुटाउनका निम्ति अन्तर्राष्ट्रिय समुदायको सहयोगका लागि आव्हान गर्ने।	DUDBC/ सबै सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सङ्घीय आयोजना कार्यान्वयन इकाई /सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA	Shelter Cluster Nepal, IFRC/NRCS	विपद्को बेला	
४.	आवास क्षेत्रमा पुगेको क्षति र आवश्यकताको मापनका लागि क्लस्टर सम्बन्धित विस्तृत मापनको पुनरावलोकन गर्न पहल गर्ने, सो को लागि मापदण्ड तयार गर्ने।	DUDBC /सबै सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सङ्घीय आयोजना कार्यान्वयन इकाई /सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA	स्थानीय तह, Shelter Cluster Nepal, IFRC/NRCS	वैशाख/जेठ	
५.	आपत्कालीन तथा संक्रमणकालीन आवास समाधानका लागि पहल गर्ने।	पूर्वाधार विकास मन्त्रालय /DUDBC, NDRRMA र प्रादेशिक क्लस्टर	Shelter क्लस्टरका सदस्य संस्थाहरू	मनसुन अवधिभर	
६.	राष्ट्रिय आवास विषयगत क्षेत्र तथा NDRRMA को निर्णय भए वा तोके बमोजिम आवास सहायताका लागि नगद वा भौचर हस्तान्तरण तथा वितरण गर्ने।	पूर्वाधार विकास मन्त्रालय /DUDBC र प्रादेशिक क्लस्टर, NDRRMA	स्थानीय तहहरू, Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC Nepal	विपद्को बेला	
७.	आपत्कालीन आवास डिजाइन सम्बन्धी जानकारीमूलक पर्चा वितरण तथा आवश्यकता अनुसार प्रकाशन गर्ने।	DUDBC /सबै सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सङ्घीय आयोजना कार्यान्वयन इकाई /सघन सहरी तथा भवन निर्माण आयोजना,	Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC, स्थानीय तहहरू	वैशाख/जेठ	

		Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC			
८.	प्रदेशस्तरीय आवास विषयगत क्षेत्र, अन्य विषयगत क्षेत्र तथा सरोकारवाला निकायबीच आवश्यकताको आधारमा पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्न आवश्यकता अनुसार निरन्तर समन्वय तथा सहकार्य गर्ने।	DUDBC /सबै सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सङ्घीय आयोजना कार्यान्वयन इकाई /सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA	स्थानीय तहहरू, प्रदेशस्तरीय, आवास विषयगत क्षेत्र सहनेतृत्व सम्पर्क विन्दु NRCS-IFRC, Shelter Cluster Nepal	मनसुन अवधिभर	
९.	प्रतिकार्यको अवस्था र गुणस्तर बुझ्न संयुक्त अनुगमन (Joint Monitoring Visits) गर्ने।	पूर्वाधार विकास मन्त्रालय /DUDBC, NDRRMA र प्रादेशिक क्लस्टर	स्थानीय तह, Shelter Cluster, क्लस्टरका सदस्य संस्थाहरू, प्रदेश स्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय, सह नेतृत्व सम्पर्क विन्दु तथा NRCS-IFRC, Nepal	मनसुन सुरु हुनुपूर्व	
१०.	सूचना व्यवस्थापन प्रणाली (4W/5Ws), प्रतिकार्य आवश्यकता र प्रगति प्रतिवेदन व्यवस्थापन सम्बन्धी संयन्त्र तयार गर्ने।	पूर्वाधार विकास मन्त्रालय /DUDBC, NDRRMA	स्थानीय तह, Shelter Cluster, क्लस्टरका सदस्य संस्थाहरू, प्रदेश स्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय, सह नेतृत्व सम्पर्क विन्दु तथा NRCS-IFRC, Nepal	वैशाख/जेठ	
११.	आवाससँग जोडिएका साझा विषयहरुमा अन्य विषयगत क्षेत्रहरु (जस्तैः WASH, Health, Protection, Logistic, CCCM etc.) सँग सहकार्य गर्ने।	पूर्वाधार विकास मन्त्रालय /DUDBC	स्थानीय तह, Shelter Cluster, क्लस्टरका सदस्य संस्थाहरू, प्रदेश स्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय, सह नेतृत्व सम्पर्क विन्दु तथा NRCS-IFRC	मनसुन अवधिभर	
शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र					
पूर्वतयारी क्रियाकलापहरू					

१	खुल्ला ठाउँ, सामुदायिक केन्द्रहरू र उपलब्ध आधारभूत सेवाहरूको नक्साङ्कन गर्ने।	DUDBC	IOM लगायत अन्य विषयगत क्षेत्रका संस्था	निरन्तर	
प्रतिकार्य क्रियाकलापहरू					
१	विस्थापन नक्साङ्कन र जोखिम मूल्याङ्कन गर्ने।	DUDBC	IOM लगायत अन्य विषयगत क्षेत्रका संस्था	निरन्तर	
२	सामूहिक केन्द्रहरू /सुरक्षित स्थलहरू तथा अनौपचारिक आश्रयस्थलहरूमा मर्यादा र गोपनीयता कायम गर्न तथा पानीजन्य र अन्य रोगहरूको जोखिम कम गर्न एवं आश्रयस्थलहरूमा संरक्षण सम्बन्धी जोखिम घटाउन आधारभूत मर्मत संभार कार्यहरू गर्ने।	DUDBC	IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू	निरन्तर	
३	विस्थापित परिवारहरूमा संरक्षणसम्बन्धी मुद्दाहरूको बारेमा चेतना अभिवृद्धि गर्ने र सेवा सिफारिस र सेवा जानकारी समावेश गर्ने (केस रेफरल) प्रणाली स्थापना गर्ने।	DUDBC	IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू	निरन्तर	
४	फिर्ता जान असमर्थ अति जोखिममा परेका विस्थापित परिवारहरूलाई बहुउद्देश्यीय नगद अनुदान प्रदान गर्ने।	DUDBC	IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू	निरन्तर	

१२.६ खाद्य सुरक्षा विषयगत क्षेत्र (Food Security Cluster) (नेतृत्व कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा सह-नेतृत्व WFP तथा FAO)

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
पूर्वतयारीका क्रियाकलापहरू					
१	खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ संस्थाहरूसँगको stock pile को रेकर्ड अद्यावधिक गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय	FAO र WFP लगायत खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड	निरन्तर	
२	WFP's remote-sensing based 72 hours assessment प्रविधि प्रयोग गरी द्रुत मनसुन प्रकोप प्रभाव मूल्यांकन गर्ने र खाद्य सहायताको आवश्यकतामा रहेका जनसंख्याको अनुमान गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय /प्रादेशिक कृषि हेर्ने मन्त्रालय	WFP	प्रकोपको ७२ घण्टाभित्र	

३	मनुसुन पूर्वानुमानमा आधारित जोखिम न्यूनीकरणका लागि पूर्वकार्य (Forecast based anticipatory early action) गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय	WFP लगायत खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू, DHM	प्रकोपको २४ घण्टाभित्र	
४	तयारी खानेकुरा (चिउरा, लिटो, High Energy Biscuit आदि) वितरण गर्ने। बजार सञ्चालनमा भएमा १५ दिनका लागि निशर्त नगद सहायता, नभएमा खाद्यान्न तथा आवश्यकता अनुसार सामुदायिक भान्सामार्फत खाना उपलब्ध गराउने एवं विशेष आवश्यकतायुक्त व्यक्तिका लागि पोषिलो आहार सुनिश्चित गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय, WFP and FAO	खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायत अन्य निकायहरू	विपद् अवधिभर	
५	खाद्य सुरक्षा र जीविकोपार्जन पुनर्स्थापनाका लागि cash for work, बालीअनुसार बीउ/वेर्ना/माछा भुरा वितरण तथा सुरक्षित भण्डारणमा सहयोग गर्ने। खडेरी वा खाद्य असुरक्षा अवस्थामा आवश्यक कार्यक्रम सञ्चालन गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय, WFP and FAO	खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू	विपद्पछिको २—४ महिना	
६	खाद्यान्न र तरकारी बालीको बिउको आपूर्तिको व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गर्ने।	कृषि सामग्री कम्पनी लिमिटेड, कृषि विभाग, प्रादेशिक कृषि हेर्ने मन्त्रालय /कृषि ज्ञान केन्द्र र स्थानीय तहहरू	कृषि तथा पशुपन्छी विकास मन्त्रालय /कृषि विभाग, खाद्य सुरक्षा क्लष्टर सदस्य संस्थाहरू	निरन्तर	
७	प्रदेश स्तरमा FSC Contingency Plan बनाउन र परिमार्जनमा सहजीकरण गर्ने।	प्रादेशिक कृषि हेर्ने मन्त्रालय	कृषि तथा पशुपन्छी विकास मन्त्रालय /कृषि विभाग, पशु सेवा विभाग, WFP / FAO	वैशाख/जेठ	
८	घाइते पशुपन्छीको उपचार गर्ने।	स्थानीय तह /भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	कृषि तथा पशुपन्छी विकास मन्त्रालय /पशु सेवा विभाग	निरन्तर	
९	पशुपन्छीका विभिन्न रोग तथा महामारीका विरुद्ध भ्याक्सिन लगाउने।	स्थानीय तहहरू /भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	कृषि तथा पशुपन्छी विकास मन्त्रालय /पशु सेवा विभाग	निरन्तर	
१०	मृत पशुपन्छीको व्यवस्थापन गर्ने।	स्थानीय तह	प्रदेश कृषि मन्त्रालय	निरन्तर	

११	पशु आहाराको व्यवस्थापन गर्ने।	स्थानीय तह	प्रदेश कृषि मन्त्रालय	निरन्तर	
१२	आकस्मिक विपद्का कारण क्षति पुगेका कृषकहरूलाई राहत उपलब्ध गराउने।	प्रादेशिक कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	निरन्तर	
१३	बाढी प्रकोपको पूर्वसूचनालाई प्रभावकारी बनाउन सुसूचित गराउने।	कृषि विभाग तथा पशु सेवा विभाग	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	निरन्तर	
१४	पूर्ण राहत सहायता प्याकेज (जसमा सरसफाइ सामग्री, खाद्य सामग्री, स्वच्छ खानेपानीको पहुँच, सोलार बत्ती, पछ्यौरी तथा अन्य अत्यावश्यक सामग्रीहरू समावेश छन्) व्यवस्था गर्ने।	कृषि, वन तथा पर्यावरण मन्त्रालय	UN Women	विपद्पछिको ३-४ महिना	

१२.७ संरक्षण विषयगत क्षेत्र (Protection Cluster) (नेतृत्व महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय तथा सह-नेतृत्व UNHCR, UNICEF र UNFPA)

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
संरक्षणसम्बन्धी विपद् पूर्वतयारी कार्ययोजना				
१	संवेदनशील समूह (मनोसामाजिक समस्या, GBV, बालबालिका, ज्येष्ठ, अपांगता, लैङ्गिक अल्पसंख्यक, आप्रवासी) सम्बन्धी विद्यमान क्षमताको नक्साङ्कन र अद्यावधिक गर्ने। PSEA जोखिम पहिचान गरी एकीकृत मूल्याङ्कनबाट न्यूनीकरण रणनीति विकास गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
२	संरक्षण सेवा र PSEA सन्देशहरू पहुँचयोग्य ढाँचामा स्थानीय तथा सांकेतिक भाषामा प्रसारण गर्ने। समुदायस्तरमा विपद् योजना, प्रारम्भिक सूचना र सेवाको पहुँचबारे जनचेतना अभियान सञ्चालन गरी स्वःहेरचाह, तनाव व्यवस्थापन तथा अफवाह, लाञ्छना र विभेद न्यूनीकरणसम्बन्धी सामग्री प्रचार गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	मनसुन सुरु हुनुपूर्व
३	लैंगिक हिंसा, अपांगता, मनोसामाजिक सहयोग तथा बालबालिकाविरुद्ध हुने हिंसाका लागि सेवा तथा सिफारिस प्रणाली अद्यावधिक गरी कार्यान्वयन गर्ने। महिलामैत्री, बालमैत्री र सुरक्षित स्थलहरूको पहिचान गर्ने। स्वास्थ्य, शिक्षा, PSEA लगायतका क्षेत्रमा सेवा सिफारिस र प्रतिकार्य सुनिश्चित गर्न सेवा प्रदायकसँग समन्वय तथा क्षमता अभिवृद्धि गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	मनसुन सुरु हुनुपूर्व

४	लैंगिक हिंसा, बाल संरक्षण र मानसिक स्वास्थ्यसम्बन्धी जोखिम पहिचान र प्रारम्भिक सहयोगका लागि हेल्पलाइनहरूको स्तर वृद्धि गर्ने। सतर्कता, वास्तविक समय अनुगमन, PMIR र जोखिम मूल्याङ्कन प्रणाली विस्तार गरी शीघ्र प्रतिकार्य सुनिश्चित गर्ने। विस्थापित स्थलहरूमा DTM जस्ता उपकरण प्रयोग गरी CCCM क्लस्टरसँग समन्वयमा संरक्षण सेवाको अनुगमन गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू	२०८३ जेष्ठ –असार
५	विपद्को समयमा विशेष आवश्यकता रहने डिग्निटी किट, किशोरी किट, मनोरञ्जन सामग्री, त्रिपाल, ओढ्ने ओछ्याउने लगायत आवश्यक उपकरण, औषधीसहित जीवनरक्षाका लागि आवश्यक राहत सामग्रीको लेखाजोखा गरी अग्रीम संकलन तथा भण्डारण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि	मनसुन सुरु हुनुपूर्व
६	संरक्षण कार्यकर्ता, मनोसामाजिक परामर्शदाता, स्वास्थ्यकर्मी र GBV विशेषज्ञका लागि तालिम, कार्यशाला र अभ्यास सञ्चालन गर्ने। सेवा प्रदायकहरूको अभिलेखीकरण, अनुगमन र मूल्याङ्कन क्षमता अभिवृद्धि गर्ने। सरोकारवालाको बुझाइ र सहकार्य बढाउन कार्यशाला आयोजना गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू	निरन्तर
७	संघ, प्रदेश र स्थानीय तहमा संरक्षण क्लस्टरका नियमित बैठकमार्फत पूर्वतयारी योजना कार्यान्वयन सुनिश्चित गर्ने। बाल संरक्षण र लैंगिक हिंसासम्बन्धी संयन्त्रहरू सुदृढ गर्ने। बहुपक्षीय समन्वयका लागि विषयगत संरक्षण चेकलिस्ट उपलब्ध गराई समायोजनमा सहजीकरण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	Thematic Clusters तथा संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि	मनसुन सुरु हुनुपूर्व
८	जोखिममा रहेका महिला, किशोरी, अपांगता भएका व्यक्ति लगायतका समूहहरूको समावेशी सहभागिता सुनिश्चित गर्दै पूर्वतयारी योजना निर्माण तथा अनुगमनमा नेतृत्व दिने। आपत्कालमा स्थानीय महिलाको नेतृत्वलाई प्राथमिकतामा राखी विशेष अवस्था तथा आवश्यकतालाई सम्बोधन गर्ने रणनीति निर्माण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि	२०८३ जेष्ठ – असार
९	छिटो परिचालनका लागि प्रशिक्षित स्वयंसेवक, मनोसामाजिक परामर्शदाता तथा मानसिक स्वास्थ्यकर्मीको सूची अद्यावधिक गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	मनसुन सुरु हुनुपूर्व

१०	प्रदेश, जिल्ला तथा स्थानीय तहमा सूचना प्रवाह र प्रारम्भिक सूचना प्रणाली परिचालन गरी प्रभावकारी प्रकोप जोखिम व्यवस्थापन र समन्वय सुनिश्चित गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
संरक्षण प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलापहरू				
१	प्रकोपका कारण अलग भएका बालबालिकाहरू र परिवारहरूको पहिचान, ट्रेसिङ र पुनर्मिलन संयन्त्र लागू गर्ने र आवश्यक परेको अवस्थामा अस्थायी वैकल्पिक हेरचाहका उपायहरूको स्थापना गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
२	जोखिममा परेका असहाय बालबालिकाहरूलाई घटना व्यवस्थापन सहयोग प्रदान गर्दै समग्र सेवाहरू सुनिश्चित गर्ने उद्देश्यले मनोसामाजिक सहयोग, अस्थायी आवास, कानूनी सहयोग, हराएका कानूनी कागजातको व्यवस्था, जीविकोपार्जन सहयोग, आपत्कालीन सहयोग र अन्य उपयुक्त सेवाहरूमा सिफारिस गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
३	शिशुहरूको स्वास्थ्य र सुरक्षाको लागि आवश्यक सामग्री (जस्तैः लुगा, औषधि, पौष्टिक आहार) समावेश गरिएको बेबी प्याक वितरण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, विषयगत प्रदेश मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
४	बालमैत्री स्थानहरू स्थापना गर्दै प्रभावित बालबालिकाहरूलाई सुरक्षित वातावरण, खेलकुद र मनोरञ्जन र मनोसामाजिक सहयोग प्रदान गरी उनीहरूको जीवन सुधारमा सहयोग पुऱ्याउने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, विषयगत प्रदेश मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
५	प्रकोपबाट प्रभावित र मानसिक रुपमा आघातमा परेका व्यक्ति र उनीहरूको परिवारको मानसिक स्वास्थ्य र मनोसामाजिक अवस्थामा सुधारका लागि सहयोग गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर

६	लैगिंक हिंसा, बाल संरक्षण र मानसिक स्वास्थ्य र मनोसामाजिक समस्यासहित अत्यावश्यक संरक्षण आवश्यकताका बारेमा सतर्कता र जोखिममा परेकाहरूलाई प्रारम्भिक सहयोगका लागि हेल्पलाईनहरूको स्तरवृद्धि गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
७	विपद्को समयमा महिला र किशोरीहरूको स्वास्थ्य, सरसफाइ र गरिमा संरक्षण गर्न डिग्निटी किट, किशोरी किट वितरण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
८	लैङ्गिक हिंसा (GBV) बाट प्रभावित तथा जोखिममा रहेका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श, सुरक्षित आश्रय, आपत्कालीन सहयोग, कानूनी सेवा, आवश्यक स्वास्थ्य सेवा र चिकित्सकीय सहयोग प्रदान गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि	निरन्तर
९	महिलामैत्री स्थान स्थापना गरी महिला र किशोरीहरूलाई सुरक्षित वातावरणमा सामाजिक सहयोग र GBV सेवाहरू प्रदान गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)	Thematic Clusters तथा संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू	निरन्तर
१०	बहुपक्षीय समन्वयलाई मजबुत पार्न विषयगत क्षेत्रसँग सम्बधित संरक्षण चेकलिष्ट उपलब्ध गराई प्रतिकार्य कार्यान्वयन गर्न सहजीकरण गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू	निरन्तर
११	आवश्यक सेवाहरू (जस्तैः स्वास्थ्य, शिक्षा, कानूनी सहयोग, आपत्कालीन सेवा आदि) को उपयुक्त जानकारी उपलब्ध गराउन सूचना डेस्कहरू स्थापना गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, विषयगत प्रदेश मन्त्रालय, स्थानीय तह	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर

१२	समुदायमा समावेशी रूपमा संरक्षण सम्बन्धी जनचेतना अभियान चलाउने, जसमा यौन शोषण र दुर्व्यवहार (PSEA) बाट सुरक्षा सम्बन्धी सन्देशहरू प्रसारण गर्ने र हेल्पलाइन र हटलाइन सेवाहरूको प्रयोगलाई प्रोत्साहन गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, विषयगत प्रदेश मन्त्रालय, स्थानीय तह	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू	निरन्तर
१३	विस्थापन ट्रयाकिङ म्याट्रिक्स विस्तार गरी विस्थापित जनसंख्याको आवश्यकताको आधारमा संरक्षण विषयगत क्षेत्रद्वारा प्रदान गरिएको सहायताको निरन्तर अनुगमनको लागि शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्रसँग समन्वय गर्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, विषयगत प्रदेश मन्त्रालय, स्थानीय तह	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA	निरन्तर
१४	विपद् प्रतिकार्यका गतिविधिहरूलाई प्रभावकारी बनाउन प्रतिकार्यमा संलग्न सरोकारवालाहरूसहित स्थानीय पालिका, प्रदेश तथा सङ्घीय सरकारको कार्यलाई उत्तरदायी र जवाफदेही बनाउन अनुगमन प्रणालीलाई चुस्त दुरुस्त राख्ने।	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, विषयगत प्रदेश मन्त्रालय, स्थानीय तह	संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू	निरन्तर
१५	मनसुनजन्य विपद् व्यवस्थापनमा संलग्न सबैले आचारसंहिता पालना गर्ने, यौन शोषण तथा दुर्व्यवहारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने एवं सुरक्षित, पहुँचयोग्य र गोप्य उजुरी तथा रेफरल संयन्त्र सुनिश्चित गरी जोखिममा रहेका सबै समूहहरूले सुरक्षित, सम्मानजनक र समान रूपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाउने।	स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकार	Leads & Co-Leads, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, विकास साझेदार, सञ्चार जगत, निजी क्षेत्र	निरन्तर

लैङ्गिक हिंसा सम्बन्धी कार्यमा यौन शोषण तथा दुर्व्यवहारबाट संरक्षण (Protection from Sexual Exploitation, Abuse and Harassment – PSEAH in Disaster Management Action)

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ अनुसार सबै सरकारी, गैरसरकारी, निजी कम्पनी, शैक्षिक संस्था वा कुनै पनि कार्यस्थल वा सेवाप्रदायक संस्थाहरूमा सक्रिय रूपमा यौन दुर्व्यवहारबाट सुरक्षा सुनिश्चित गर्न सक्रिय तथा प्रभावकारी संयन्त्रहरू समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, मुलुकी फौजदारी संहिता, २०७४ अनुसार यौन शोषण र दुर्व्यवहार (Sexual Exploitation and Abuse – SEA) लाई औपचारिक कार्यस्थल मात्र नभई विद्यालय, सार्वजनिक

स्थान र समुदायमा हुने यौनजन्य हिंसालाई पनि दण्डनीय अपराधको रूपमा परिभाषित गरिएको छ, जसमा दोषीलाई जरिवाना वा कैद सजायको कानुनी व्यवस्था गरिएको छ।

मानवीय सहायताकर्मीहरूद्वारा गरिने यौन शोषण तथा दुर्व्यवहार (SEA) मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवीय सिद्धान्तहरू विपरीत कार्य हो। आपत्कालीन अवस्थामा विस्थापन, कमजोर संरक्षण प्रणाली र असमान शक्ति सम्बन्धका कारण यौन शोषण र दुर्व्यवहारको जोखिम अझ बढी हुन्छ। यसले विशेष गरी महिला तथा किशोरीहरू, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य सीमान्तकृत समूहहरूलाई असमान रूपमा प्रभावित गर्छ। नेपालमा विद्यमान कानूनका साथै, IASC का PSEA सिद्धान्तहरू र संयुक्त राष्ट्रसंघका महासचिवको बुलेटिन (ST/SGB/2003/13) ले पनि मानवीय सहायतामा संलग्न सबै क्लस्टरहरूले SEA रोकथाम, सुरक्षित प्रतिक्रिया र जवाफदेहिता सुदृढ गर्न मनसुन तयारी तथा प्रतिक्रिया योजनामा व्यवहारिक र समुचित PSEA उपायहरू एकीकृत गर्न आवश्यक रहेको उल्लेख गरेको छ।

सबै क्लस्टरहरूका लागि सिफारिस गरिएका PSEA गतिविधिहरू

१. **रोकथाम तयारी चरण**

(क) विद्यमान क्षेत्रगत रणनीति, SOP, प्राविधिक मार्गदर्शन तथा आकस्मिक योजनाभित्र PSEA आधारभूत सुरक्षाका उपायहरू समावेश गर्ने।

(ख) सेवास्थल, वितरण, पहुँच वा आउटरीच जस्ता गतिविधिसँग सम्बन्धित मुख्य SEA जोखिम स्थानहरू पहिचान गर्ने।

(ग) साझेदारहरू तथा अग्रपङ्क्तिमा काम गर्ने कर्मचारी, स्वयंसेवकहरूलाई आचारसंहिता, रिपोर्टिङ माध्यम र प्रक्रियाबारे आधारभूत PSEA अभिमुखीकरण अनिवार्य प्रदान गर्ने वा गरेको सुनिश्चित गर्ने।

(घ) क्षेत्रगत गतिविधिहरूमा एकरूप PSEA सन्देशहरू (जस्तैः सबै सहायता निःशुल्क हो। सहायताको बदलामा यौन सम्पर्क राख्न वा यौनजन्य कार्यको माग गर्नु यौन शोषण हो। यौन शोषण र दुर्व्यवहार सहेर नबसौं। उजुरी गर्नका लागि संयुक्त राष्ट्रसंघ ०१—४२०००९९ वा नेपाल प्रहरी १०० वा महिला आयोग ११४५ वा बालहेल्प लाइन १०९८ मा फोन गरी उजुरी गर्नुहोस्।) समावेश गर्ने योजना बनाउने।

२. **रोकथाम प्रतिकार्य (कार्यान्वयनको क्रममा जोखिम न्यूनीकरण)**

(क) उच्च जोखिम भएका स्थान वा गतिविधिहरूको अनुगमन गर्ने र सुरक्षित तरिकाबाट समुदायको प्रतिक्रिया सङ्कलन गर्ने।

(ख) यौन शोषण तथा दुर्व्यवहारबाट संरक्षण नीति र यौन शोषण तथा दुर्व्यवहार रिपोर्टिङ संयन्त्रहरूबारे सामुदायिक सचेतना गर्ने।

(ग) कार्यक्रम र राहत वितरणका लागि सुरक्षित स्थान, पर्याप्त निगरानी, समय व्यवस्थापन जस्ता सरल र क्षेत्रअनुकूल जोखिम न्यूनीकरण उपायहरू लागू

गर्ने।

(घ) जोखिम पहिचान भएमा सेवा प्रविधि वा स्थल व्यवस्थापनमा तुरुन्त आवश्यक समायोजन गर्ने।

(ङ) प्राविधिक सहयोगका लागि संरक्षण अथवा PSEA फोकल व्यक्तिसँग समन्वय गर्ने।

३. प्रतिक्रिया (घटना उजुरी पश्चात्)

(क) सुरक्षा, गोपनीयता, सहमति, तथा हानी नगर्ने सिद्धान्तमा आधारित पीडित केन्द्रित प्रतिक्रिया सुनिश्चित गर्ने।

(ख) संरक्षण क्लस्टरसँग समन्वय गरी संरक्षण रेफरल प्रणालीमार्फत सुरक्षित र गोपनीय रेफर गर्ने।

(ग) थप क्षति न्यूनीकरण गर्न क्षेत्रगत नियन्त्रणमा रहेका जोखिम कारकहरू तुरुन्त सम्बोधन गर्ने।

PSEA को नयाँ समानान्तर प्रक्रियाहरू सिर्जना गर्नु भन्दा रोकथाम, प्रारम्भिक जोखिम न्यूनीकरण र सुरक्षित रेफरलमा केन्द्रित हुनुपर्छ।

१२.८ शिक्षा विषयगत क्षेत्र (Education Cluster) (नेतृत्व शिक्षा तथा खेलकुद मन्त्रालय तथा सह-नेतृत्व UNICEF र Save the Children)

क्र.स.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
पूर्वतयारीको क्रियाकलापहरू					
१	समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र संघस्तरमा विपद् सम्बन्धी सूचनाको समयमै आदान प्रदानका लागि प्रभावकारी सञ्चार प्रणालीको स्थापना गर्ने।				
१.१	सम्भावित बाढी प्रभावित जिल्लाका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला विपद् व्यवस्थापन समिति, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरू, जिल्ला तथा संघस्तरका शिक्षा समूहका सदस्य संस्थाहरूका सम्पर्क व्यक्तिहरूको विवरण संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने।	स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा तथा मानव स्रोत विकास केन्द्र	शिक्षा तथा खेलकुद मन्त्रालयका Disaster Risk Reduction सम्पर्क व्यक्ति, सामाजिक विकास मन्त्रालय /शिक्षा विकास निर्देशनालय, क्लस्टर पार्टनर सबै	त्रैमासिक रूपमा	
१.२	विद्यालयस्तरमा समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थी सहितको सहभागितामा विभिन्न विपद्का सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि पूर्वतयारी गर्न आवश्यकता अनुसार प्रत्यक्ष वा अन्य वैकल्पिक माध्यमबाट नियमित बैठक, छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने।	विद्यालय र सम्बन्धित स्थानीय तह	वि.व्य.स, शिक्षक अभिभावक संघ, शि.वि.स.इ., शिक्षा समूह	जेठ, २०८३	

१.३	एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा Emergency in Education (EIE) अद्यावधिक गर्ने।	विद्यालय, स्थानीय तह	EDCU, CEHRD	विपद्पश्चात क्षतिको विवरण प्राप्त भएपछि	
१.४	विपद् पूर्वसूचना /चेतावनी सम्बन्धी जानकारी विद्यालयहरु मार्फत बालबालिका र तिनका अभिभावकसम्म तत्काल पुग्ने गरी प्रबन्ध गर्ने, गराउने।	शिक्षा तथा खेलकुद मन्त्रालय, स्थानीय तह	शिक्षा विकास तथा समन्वय इकाई, क्लस्टर पार्टनर सबै	जेठ, २०८३/मनसुन अवधिभर	
२	स्थानीय, जिल्ला, प्रदेश र केन्द्रस्तरका शिक्षा समूह/विषयगत क्षेत्र (Education Cluster) को जिम्मेवारी				
२.१	स्थानीय, जिल्ला, प्रदेश तथा संघस्तरका शिक्षा समूह Education Cluster का सदस्यहरूसँग प्रभावकारी समन्वयका लागि Nepal Education Cluster - Formation and Operation directive मा उल्लेख भए र निर्दिष्ट गरे बमोजिमका जिम्मेवारी निर्धारण र बाँडफाँट गर्ने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तह	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका DRR सम्पर्क व्यक्ति र जिल्ला, प्रदेश तथा संघ, प्रदेश, जिल्ला र स्थानीय तह स्तरमा गठन भएका शिक्षा समूहहरू	निरन्तर	
२.२	आवश्यकता अनुसार Health, WASH, Protection लगायत अन्य Cluster सँग कार्यगत समन्वय र सहकार्य गर्ने।	Education Cluster	Health, WASH , Protection लगायत अन्य Cluster	विपद् पश्चात् क्षतिको विवरण प्राप्त भएपछि	
३	आपूर्ति व्यवस्थापनको जिम्मेवारी				
३.१	उपलब्ध Student Kit, School Kit, ECD Kit स्वःअध्ययन सामग्री जस्ता सामग्रीहरूको परिमाण अद्यावधिक गर्ने।	Education Cluster	शैक्षिक संस्थाहरु	जेठ, २०८३	
३.२	नेपाल सरकारका विभिन्न निकायहरूबाट उत्पादन र विकास भएका एवम् शिक्षा सञ्जाल समूहका सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अद्यावधिक राख्ने।	Education cluster	शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह	निरन्तर	

३.३	मनसुनबाट प्रभावित हुनसक्ने स्थानीय तहका विद्यालयहरूका लागि आवश्यकता अनुसारको पाठ्यसामग्री तथा वैकल्पिक सिकाइ सामग्रीहरू सुनिश्चित गर्ने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तह	Education cluster	विपद् पश्चात् क्षतिको विवरण प्राप्त भएपछि	
३.४	सामग्री राहतको विकल्पको रूपमा (संस्था र विद्यालयबीच) नगद राहत उपलब्ध गराउनको लागि मार्गदर्शन तयार गर्ने। नेपाल सरकारबाट व्यवस्था /विनियोजन भएको शिक्षा क्षेत्रको विपद् व्यवस्थापन बजेट कसरी खर्च गर्ने सम्बन्धमा PIM, २०८२ मा व्यवस्था गर्ने।	शिक्षा समूहका संयोजक र सहसंयोजक	शिक्षा समूह (Education cluster)	जेठ, २०८३	
३.५	शिक्षा क्षेत्रको विपद् कोष परिचालन कार्यविधि निर्देशिका तयार गरी सम्बन्धित निकायलाई सो अनुसार कार्यान्वयन गर्न CEHRD बाट परिपत्र गर्ने र CEHRD को Website मार्फत सार्वजनिकीकरण गर्ने। हाललाई कोष परिचालनका लागि CEHRD बाट सम्बन्धित निकाय, EDO, EDCU लाई परिपत्र गर्ने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र	शिक्षा समूहका संयोजक र सहसंयोजक	जेठ, २०८३	
४	मनसुनबाट उत्पन्न हुन सक्ने आपत्कालीन अवस्थाबारे अभिमुखीकरण/सचेतना कार्यक्रम सञ्चालन गर्ने।				
४.१	विपद् जोखिम न्यूनीकरण/अल्पीकरण योजनामा शिक्षकहरूको क्षमता अभिवृद्धिलाई विद्यालय सुरक्षा योजनाको एउटा अगंको रूपमा विद्यालय सुधार योजनामा समावेश गर्ने।	विद्यालय	स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई	बैशाख, २०८३	
४.२	विद्यालय सुरक्षा योजना, विपद् जोखिम न्यूनीकरण /अल्पीकरण, बालबालिकाहरूको मनोसामाजिक स्वास्थ्यको बारेमा विद्यालय तथा अभिभावकहरूको भूमिका, बाढी तथा पहिरोले थुपारेको फोहोरको सरसफाइ, अस्थायी सिकाइ कक्षा निर्माण तथा सञ्चालन र मर्मत संभार सम्बन्धी उनीहरूको भूमिका विषयमा समुदाय, वि.व्य.स., शिक्षक अभिभावक संघहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी Public Service Announcement (PSA) तयार गरी प्रसारण गर्ने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह	जेठ, २०८३	

४.३	विद्यालयलाई अन्तिम विकल्पका रूपमा रहने गरी प्रभावित क्षेत्रमा अन्य उपयुक्त आश्रयस्थलको खोजी र व्यवस्थापनका लागि स्थानीय र प्रदेश तहमा प्रबन्ध मिलाउने।	शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा समूह	गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, NDRRMA	निरन्तर	
४.४	शिक्षकहरूलाई खोज तथा उद्धार कार्यमा खटाउँदा र विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्दा त्यसबाट शिक्षामा पर्ने प्रभावबारे शिक्षकहरूलाई PSA Online Materials का माध्यमबाट सचेतना /अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।	स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई	शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह	जेठ, २०८३	
४.५	शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोगको व्यवस्था मिलाउने।	विद्यालय	स्थानीय तह, विव्यस, शि.अ.सं., शि.वि.स.इ.	निरन्तर	
४.६	मनसुनका कारण उत्पन्न हुनसक्ने पानीजन्य रोग (Diarrhea, Dysentery, Typhoid, Gastroenteritis, Cholera) तथा लामखुट्टेजन्य रोग (Dengue) बाट प्रभावित हुनसक्ने स्थानीय तहका विद्यालयहरूमा PSA/ Online Learning Materials का माध्यमबाट सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।	स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई	शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह	जेठ तथा आवश्यकता अनुसार	
५	क्षमता अभिवृद्धि /तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।				
५.१	शिक्षा समूहका सदस्यहरू, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह, वि.व्य.स., शिक्षक तथा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा अस्थायी सिकाइ केन्द्र, कक्षा व्यवस्थापन र स्थापनाको मार्गदर्शन तथा आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष वा Online जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्ने।	स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई	शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह	बैशाख, जेठ, २०८३	
५.२	शिक्षा समूहका सदस्यहरूलाई आपत्कालीन अवस्थामा पालना गर्नुपर्ने आचारसंहिता, सञ्चार माध्यमसँग प्रस्तुत हुने तरिका सम्बन्धी सूचना तथा सन्देशहरू संप्रेषण गर्ने सम्बन्धमा विद्युतीय सञ्चार माध्यमबाट जानकारी गराउने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा सञ्जाल समूह	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	जेठ, २०८३	

५.३	क्षतिको विवरण संकलन गर्नका लागि शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम सही सूचना सम्प्रेषण गर्नका लागि सूचनाहरूको मस्यौदा, खेस्रा गर्न तथा सूचना फारमहरू भर्ने सीप विकासको लागि DRR Focal Persons लाई प्रत्यक्ष वा Online जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्ने।	शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा सञ्जाल समूह	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, स्थानीय तह	जेठ, २०८३	
५.४	मनसुनजन्य विपद्को क्षति न्यूनीकरण तथा पुर्नलाभका लागि आवश्यक पूर्वतयारीका साथै Light Search & Rescue, Basic First Aid तथा मनोसामाजिक सहयोग (PSS) का लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।	CEHRD, स्थानीय तह	EDCU, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा सञ्जाल समूह	चैत्र, बैशाख	
६	अस्थायी सिकाइ केन्द्र /कक्षाकोठा निर्माणका लागि स्थान छनोट गर्ने।				
६.१	अस्थायी सिकाइ केन्द्र /कक्षाकोठा निर्माणका लागि प्राथमिक र वैकल्पिक स्थानको पहिचान तथा छनोट गर्ने।	स्थानीय तह एवं विद्यालय	शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय र शिक्षा समूह	जेठ, २०८३	
प्रतिकार्यको क्रियाकलापहरू					
१	प्रभावित जिल्लाका विद्यालयहरूका लागि सम्बन्धित निकायहरूको समन्वयमा आवश्यकता अनुसार सिकाइ निरन्तरताका लागि आवश्यक पाठ्यपुस्तक र वैकल्पिक सिकाइ सामग्रीहरूको प्रबन्ध मिलाउने।	शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह	प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई	निरन्तर	
२	सिकाइ निरन्तरताको लागि सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार आपत्कालीन र स्वःअध्ययन सामग्री उपलब्ध गराउने। मनसुन विपद्बाट अतिप्रभावित र क्षतिग्रस्त विद्यालयहरूमा आवश्यकता अनुसार अस्थायी सिकाइ केन्द्र स्थापना गरी सिकाइ निरन्तरता सुनिश्चित गर्ने।	शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह	प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई	निरन्तर	

३	बालबालिका, शिक्षक र अभिभावकलाई सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा मनोसामाजिक परामर्श र बाल संरक्षणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। विपद् अवस्थामा मनोसामाजिक सहयोग सामग्री तयार गरी विद्यालयमा प्रयोग गर्ने। सुरक्षित विद्यालय अवधारणाबारे शिक्षक र वि.व्य.स.को क्षमता अभिवृद्धि गरी सुरक्षित विद्यालय सञ्चालनमा जोड दिने।	शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह	प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई	निरन्तर	
४	सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार अस्थायी सिकाइ केन्द्र (TLC), कक्षाकोठा तथा WASH Facilities को निर्माण तथा मर्मत कार्य गर्ने। मनसुनजन्य विपद् प्रतिकार्यमा अतिप्रभावित वर्ग समूह, अपागंता भएका बालबालिका, विद्यालय बाहिर रहेका बालबालिकालाई केन्द्रित गरी सहयोग तथा प्रतिकार्यका क्रियाकलाप शिक्षा समूहका सदस्यहरूबाट सञ्चालन गर्ने।	स्थानीय तह, विद्यालय, स्थानीय शिक्षा समूह	प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई	निरन्तर	
५	अत्यधिक मनसुन तथा कम मनसुनका कारण उत्पन्न हुनसक्ने पानीजन्य रोग (Diarrhea, Dysentery, Typhoid, Gastroenteritis and Cholera) तथा लामखुट्टेजन्य रोग (Dengue) बाट प्रभावित हुनसक्ने बालबालिकाका लागि आवश्यकता अनुसारको औषधिजन्य सामग्रीहरू अन्तर समूह (Inter Cluster) तथा संघसंस्थाको समन्वयमा उपलब्धताका लागि सहजीकरण गर्ने।	शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह	प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह	निरन्तर	

१२.९ आपत्कालीन सञ्चार विषयगत क्षेत्र (Emergency Comunication) (नेतृत्व सूचना तथा सञ्चार मन्त्रालय तथा सह-नेतृत्व WFP)

क्र.स.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
पूर्वतयारीको क्रियाकलापहरू				
१	बाढी, पहिरो तथा पानीजन्य अन्य विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री विभिन्न भाषामा तयार गरी विभिन्न सञ्चारका माध्यम मार्फत प्रचार प्रसार गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण	जेठ २०८३
२	बाढी, डुबान, पहिरो (सम्भव भएसम्म), सङ्क्रामक रोग लगायतको पूर्वसूचनाका लागि दूरसञ्चार सेवा प्रदायक संस्था मार्फत सचेतना एस.एम.एस. (SMS) सम्प्रेषण गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण	असार, २०८३ देखि असोज २०८३ सम्म

३	जमिन कटानका कारण नदीका किनारमा रहेका भौतिक संरचना (टेलिफोनका टावर लगायत) को सुरक्षा प्रबन्ध सम्बन्धित निकाय, सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने गरी समन्वय गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण	असार, २०८३ देखि असोज २०८३ सम्म
प्रतिकार्यको क्रियाकलापहरू				
१	विभिन्न विपद्बारे विभिन्न माध्यमबाट जीवन बचाउन र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरू प्रचार प्रसार गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम	निरन्तर
२	बाढी वा डुबानको कारण कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशीघ्र पुन:सञ्चालनको व्यवस्था गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण	निरन्तर
३	बाढी, पहिरोको कारण टेलिफोन टावरहरूमा क्षति पुगेमा सञ्चार व्यवस्थाका लागि मोबाइल टावर (BTS Van) को व्यवस्था गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण	विश्व खाद्य कार्यक्रम	निरन्तर
४	जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यको लागि NTC, NCell लगायतका सेवा प्रदायकहरुसँग समन्वय गरी Toll Free नम्बरहरूको व्यवस्था गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	NTC, NCell	विपद् पश्चात् ३ दिनभित्र
५	मनसुनजन्य विपद्का समयमा समन्वय गर्न दूरसञ्चार सेवाप्रदायकहरूको तर्फबाट गठन भएको Emergency Preparedness Team /Rapid Response Team को सहयोगमा क्षतिग्रस्त दूरसञ्चार पूर्वाधार तथा सेवालाई यथाशीघ्र पुनर्स्थापना तथा सञ्चालनका लागि पहल गर्ने।	सूचना तथा सञ्चार मन्त्रालय	विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण	असार, २०८३ देखि असोज २०८३ सम्म

१३. अन्य निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

१३.१ जल तथा मौसम विज्ञान विभाग

सि.नं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समय	कैफियत
१	सरोकारवालाहरूलाई मौसम पूर्वानुमान, पूर्वसूचना तथा जानकारी प्रदान गर्नका लागि मौसम पूर्वानुमान महाशाखाको मौसम कक्ष (Met briefing room) विगतमा जस्तै २४सै घण्टा सेवामा राख्ने।	जल तथा मौसम विज्ञान विभाग-मौसम पूर्वानुमान महाशाखा		२४सैं घण्टा	

२	तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान बुलेटिन दैनिक रूपमा बिहान र बेलुका अपडेट गर्ने। विषम अवस्थामा जुनसुकै बेला बुलेटिन जारी गर्ने। मौसमको विशेष अवस्थामा ३ दिन अगावै चेतावनीसहितको आकस्मिक मौसम बुलेटिन जारी गर्ने। आवश्यकता अनुसार बिग्रदों मौसमको अवस्था (मेघगर्जन/चट्याङ/भारी वर्षा) बारेको पूर्वसूचना समेत जारी गर्ने। देशैभर फैलिन सक्ने भारी /धेरै भारी /अति भारी वर्षाको विशेष पूर्वानुमान पाँच दिन अगावै जारी गरी सरोकारवालाहरूलाई पठाउने।			३ दिनसम्मको	आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकै बेला पनि जारी गरिनेछ।
३	तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रूपमा बिहान ७:०० बजे अपडेट गर्ने। विषम अवस्थामा जुनसुकै बेला बुलेटिन जारी गर्ने। देशैभर फैलिन सक्ने ठूला बाढीजन्य गतिविधिहरूको पूर्वानुमान पाँच दिन अगावै गरी सरोकारवालाहरूलाई पठाउने।	जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान महाशाखा (बाढी पूर्वानुमान शाखा)		३ दिनसम्मको	ठूला नदीहरूमा ३ दिन र साना नदीहरूमा १ दिनसम्मको पूर्वानुमान गरिनेछ। स-साना नदीहरूमा हुन सक्ने आकस्मिक वहाव (Flash Flood) को २-६ घण्टा अगाडि नै पूर्वानुमान गरिनेछ।
४	**बाढी तथा मौसम पूर्वसूचना प्रवाहः** मौसम पूर्वानुमान दैनिक बिहान ८:०० बजे र साँझ ६:०० बजे अद्यावधिक हुने। बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात् पहिलो जानकारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गराउने। (विभागद्वारा मौसम पूर्वानुमान बुलेटिन http://dhm.gov.np/ र http://mfd.gov.np/ मार्फत र	जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान शाखा तथा मौसम पूर्वानुमान महाशाखा	गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल टेलिकम, एनसेल, मिडिया लगायत	पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टाभित्र सम्पूर्ण सरोकारवालाहरू तथा सर्वसाधारणहरूमा प्रवाह भई सक्नेछ	ठूला नदीहरूमा ३ दिन र साना नदीहरूमा १ दिनसम्मको पूर्वानुमान गरिनेछ। आकस्मिक आउने बाढी जस्तै हिमताल विस्फोट जस्ता घट्नामा तत्काल सूचना प्रवाह गरिनेछ।

	बाढी पूर्वानुमान बुलेटिन http://dhm.gov.np/ र https://hydrology.gov.np/ मार्फत जारी गर्ने।)*				

*तत्कालै गृह मन्त्रालय-राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय-विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सूचीकृत गरेका सबै मन्त्रालय तथा विभागका साथै रेडक्रस लगायत अन्य विपद्को क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरूका विपद् सम्पर्क व्यक्तिहरूलाई इमेल मार्फत बुलेटिन पठाउने।

*विभागद्वारा जारी भएको बाढी बुलेटिन विभागको बाढी पूर्वानुमान महाशाखाको आधिकारिक ट्विटर पेज Nepal Flood Alert तथा फेसबुक पेज Nepal Flood Alert मा राखिने तथा मौसम पूर्वानुमान बुलेटिन मौसम पूर्वानुमान महाशाखाको आधिकारिक ट्विटर पेज Nepal Weather Forecast तथा फेसबुक पेज Meteorological Forecasting Division र MFD Weather Forecast मा अद्यावधिक गर्ने।

*सूचना प्रवाह थप प्रभावकारी र स्थानीयस्तरसम्म पुऱ्याउने उद्देश्यले विभागबाट जारी गरिने पूर्वसूचना सर्वप्रथम, बाढीबाट प्रभावित हुने नदी जलाधारका क्षेत्रका सङ्घीय प्रतिनिधि संसद, प्रादेशिक प्रतिनिधि सांसद, स्थानीय जनप्रतिनिधिहरू (मेयर, उपमेयर, वडाअध्यक्ष, वडासदस्य ज्युहरूलाई) तत्कालै मोबाइलमा नेपाल टेलिकम र एनसेलद्वारा एस.एम.एस मार्फत जानकारी गराउने।

*बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरूमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरूलाई मोबाइलमा एस.एम.एस. पठाउने। देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गर्ने। जस अन्तर्गत, टोल फ्री नं. ११५५ (१) मौसमको लागि र (२) बाढीको लागि रहेको जानकारी अद्यावधिक गर्नुपर्ने।

*मौसम सम्बन्धी जानकारीको लागि dhm.gov.np/mfd अद्यावधिक गर्नुपर्ने। मौसम पूर्वानुमान महाशाखाको आधिकारिक फेसबुक, X ((https://x.com/DHM_Weather), Tiktok account (https://www.tiktok.com/@dhm_mfd.nepal) को पेज Nepal Weather Forecast रहेको विवरण अद्यावधिक गर्नुपर्ने। वर्षाको नियमित अनुगमन गरी आवश्यकता अनुसार तथा विशेष मौसम बुलेटिन जारी भए पश्चात् सम्भावित प्रभाव पर्न सक्ने स्थानहरूमा जनसमुदायलाई जानाकरी दिने उद्देश्यले Nepal Telecom तथा NCELL मार्फत Mass SMS पठाउने।

*विशेष मौसम अवस्थामा आवश्यकता अनुसार मौसमको विवरण तथा पूर्वानुमान मौसम पूर्वानुमान पूर्वानुमान महाशाखाको आधिकारिक एक्स पेज Nepal Weather Forecast तथा फेसबुक पेज Meteorological Forecasting Division र MFD Weather Forecast मा अद्यावधिक गर्ने। सर्वसाधारणलाई नियमित मौसम सम्बन्धी जानकारी ***प्रदान गर्न***

०१-४११३१९१ र ०१-४२२३३४५ टेलिफोन नंबरहरू चौवीसै घण्टा खुला गर्ने। पूर्वसूचना प्रवाह थप प्रभावकारी बनाउन आगामी मनसुनदेखि Interactive Voice Response (IVR) प्रणाली समेत शुरु गर्ने। अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पूर्वानुमान भएको खण्डमा प्रेस विज्ञप्ती समेत जारी गर्ने।

बाढी र मौसम बुलेटिन सबै सञ्चारका माध्यमहरूलाई नियमित रूपमा प्रदान गर्ने।

१३.२ जलस्रोत तथा सिंचाइ विभाग

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	अनुगमन गर्ने निकाय
१	विभाग मातहतका कार्यालयहरूलाई मनसुनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक तयारीको लागि निर्देशन दिने।	जिल्लास्थित सम्बन्धित कार्यालयहरु	विभागको आपत्कालीन व्यवस्थापन शाखा	वैशाख मसान्तभित्र	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा
२	सम्झौता भइसकेका निर्माण कार्यहरूबाट जोखिम न्यूनीकरण गर्न वर्षा अगावै अत्यावश्यक कार्य सम्पन्न गर्ने। ठेक्का सम्झौतामा भएका प्रावधान अनुसार समयमा कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने।	जिल्लास्थित सम्बन्धित कार्यालयहरु	विभागको आपत्कालीन व्यवस्थापन शाखा	वैशाख मसान्तभित्र	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा
३	बाढी र पहिरो प्रभावित क्षेत्रको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने। जोखिमयुक्त स्थानको पहिचान गरी प्राविधिक रूपमा प्राथमिकीकरण गर्ने र आपत्कालीन समाधानका लागि आवश्यक निर्माण सामग्री तथा मानव स्रोतको व्यवस्थापन सम्बन्धित कार्यालय मार्फत गर्ने।	जिल्लास्थित सम्बन्धित कार्यालयहरु	विभागको आपत्कालीन व्यवस्थापन शाखा	मनसुन अवधिभर	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा
४	मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि यस विभाग अन्तर्गतका यान्त्रिक कार्यालयहरू मातहत रहेका Excavator, Loader, Dump truck लगायतका उपकरण तयारी अवस्थामा राख्ने।	यान्त्रिक कार्यालयहरू	विभागको आपत्कालीन व्यवस्थापन शाखा	वैशाख मसान्तभित्र	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा
५	सीमावर्ती क्षेत्रमा बनेका तटबन्ध र अरू संरचनाले मुख्य गरी तराई मधेसमा डुबानको सम्भावनालाई पूर्वानुमान गरी आवश्यक तयारी थाल्ने। सीमावर्ती क्षेत्रमा डुबानको समस्या भए मित्रराष्ट्र	जिल्लास्थित सम्बन्धित कार्यालयहरु /विभागको नदी तथा	जिल्ला सुरक्षा समिति	मनसुन अवधिभर	ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

	भारतसँगको समन्वयमा विशेषज्ञहरूको राय अनुसार तुरुन्त निकास खोल्ने।	जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा			
६	आपत्कालीन अवस्थामा केन्द्रीयस्तरको कार्यकारी समितिसँग समन्वय गरी तत्काल परिचालन हुने।	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा	केन्द्रीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति	मनसुन अवधिभर	ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
७	नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने।	जिल्लास्थित सम्बन्धित कार्यालयहरु	निजी क्षेत्र	वैशाख/जेठ	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा
८	आपत्कालीन अवस्थामा जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी तत्काल परिचालन हुने।	जिल्लास्थित सम्बन्धित कार्यालयहरु	जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति	मनसुन अवधिभर	विभागको नदी तथा जलउत्पन्न विपद् व्यवस्थापन महाशाखा

१३.३ सडक विभाग

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
१	मनसुनको अवधिभर बाढी पहिरोबाट हुन सक्ने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट चालकसहित तयारी अवस्थामा राख्ने।	सडक विभाग र अन्तर्गतका निकायहरु	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, निजी क्षेत्र	वैशाख/जेठ	
२	अत्यावश्यक स्थानमा तत्काल पुऱ्याउन सकिने गरी बेलीब्रिजहरूलाई ढुवानीको साधन तथा जडान गर्ने जनशक्तिसहित Strategic Locations मा तयारी अवस्थामा राख्ने।	सडक विभाग र अन्तर्गतका निकायहरु	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, निजी क्षेत्र	वैशाख/जेठ	
३	विभाग मातहतका कार्यालयहरूलाई मनसुनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक तयारीको लागि निर्देशन दिने।	सडक विभाग र अन्तर्गतका निकायहरु	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, निजी क्षेत्र	वैशाख/जेठ	
४	सम्झौता भइसकेका निर्माण कार्यहरूबाट जोखिम न्यूनीकरण गर्न वर्षा अगावै अत्यावश्यक कार्य सम्पन्न गर्ने। ठेक्का सम्झौतामा भएका	सडक विभाग र अन्तर्गतका निकायहरु	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, निजी क्षेत्र	वैशाख/जेठ	

	प्रावधान अनुसार समयमा कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने।				
५	आपत्कालीन अवस्थामा जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी तत्काल परिचालन हुने र अवरुद्ध सडक खुलाउने।	सडक विभाग र अन्तर्गतका निकायहरु	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, निजी क्षेत्र	विपद् हुने वित्तिकै	

१३.४ नेपाल विद्युत प्राधिकरण

क्र.स.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि	कैफियत
१	प्रशारण संरचनामा हुने क्षति न्यूनीकरण गर्ने।	सम्बन्धित ग्रीड कार्यालय	प्रशारण निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
२	पावर हाउस, बाँध, नहर आदि संरचनामा हुने क्षति न्यूनीकरण गर्ने।	सम्बन्धित उत्पादन केन्द्र	उत्पादन निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
३	वितरण संरचना /सबस्टेशन संरचनामा हुने क्षति न्यूनीकरण गर्ने।	सम्बन्धित वितरण केन्द्र	वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
४	प्रशारण र वितरणमा प्रयोग हुने इन्सुलेटर क्षति न्यूनीकरण गर्ने।	सम्बन्धित कार्यालय	प्रशारण /वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
५	रुखहरू प्रशारण/वितरण पोल तारमा झर्ने जोखिम न्यूनीकरण गर्ने।	सम्बन्धित कार्यालय	प्रशारण/वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
६	वितरण पोल लच्किएर जमिनबाट तारको दूरी कम भई बस, मानिस आदिले छुई हुन सक्ने जोखिम न्यूनीकरण गर्ने।	सम्बन्धित वितरण केन्द्र	वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा.	यथाशीघ्र	
७	समयमा सडक नखुल्दा मर्मत सम्भारका कार्यमा हुनसक्ने ढिलाई न्यूनीकरण गर्ने।	सम्बन्धित वितरण केन्द्र	सडक विभाग	यथाशीघ्र	

१४. सुरक्षा निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

१४.१ नेपाली सेना

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयसीमा
१	देशका ७७ वटै जिल्लाहरूमा तैनाथ गणहरूबाट एक गुल्म तथा अनाश्रित गुल्महरूबाट एक से.मु. स्ट्याण्डवाई फौज आधारभूत उद्धार सामग्रीसहित परिचालन गर्न तयारी हालतमा राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर

२	सबै फर्मेशन हे.क्वा.हरूको जिम्मेवारी क्षेत्रमा मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक ईक्विपमेन्टसहित मातहतका फौज परिचालन गर्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
३	खोज, उद्धार तथा राहत वितरण कार्य प्राभावकारी ढंगबाट संचालन गर्नको लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रदेश र जिल्लाहरूमा पूर्वतयारी तथा योजना तर्जुमा गर्न र सामग्रीहरूको भण्डारणको व्यवस्था मिलाउने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	वैशाख/जैठ
४	विपद् व्यवस्थापनसँग आवद्ध विभिन्न सरोकारवाला निकायहरूसँग प्रत्यक्षरूपमा कार्यशाला तथा अभ्यास मार्फत समन्वय, सहकार्य र सम्बन्ध विस्तारलाई निरन्तरता दिने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	निरन्तर
५	सबै जिल्लाहरूमा विपद् प्रतिकार्य पूर्वतयारीको लागि सामुदायिक विपद् प्रतिकार्य तालिम र जनचेतनामूलक कक्षाहरू सञ्चालन गर्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	वैशाख/जेठ, निरन्तर
६	मनसुनजन्य विपद्को समयमा प्रतिकार्यका लागि आवश्यक रबरबोट, OBM तथा आवश्यक सामग्रीहरू पूर्वतैनाथी (Pre-Positioning) गरी राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
७	सैनिक इन्जिनियरिङ विभागबाट आवश्यक परेको परिस्थितिमा तुरुन्त परिचालन गर्न सक्ने गरी अपरेटरसहितको हेभी ईक्युप्मेन्ट र सवारी साधनहरू (उपलब्ध भएसम्म) तयारी हालतमा राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
८	उपत्यकाभित्र वीरेन्द्र अस्पताल, उपत्यका बाहिरका सैनिक अस्पतालहरू क्रमशः नेपालगञ्ज, पोखरा र इटहरी, फिल्ड अस्पतालहरू क्रमशः बोराडाँडी, बुटवल र बर्दिबास तथा सबै फिल्ड एम्बुलेन्स गुल्महरूबाट Emergency Medical Response Team (EMRT) परिचालन हुने गरी आवश्यक जनशक्ति, उपकरण तथा औषधीसहित तयारी हालतमा राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
९	मनसुनको समयमा तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न मनसुन सुरु हुनुपूर्व देहायका हेलिकप्टरहरू निम्न स्थानहरूमा Pre-Positioning गर्नेः-	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर

	(क) कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको लागि हेलिकप्टर-१ (एक) पश्चिम एयर बेश सुर्खेतमा। (ख) बागमती प्रदेश र गण्डकी प्रदेशको लागि हेलिकप्टर-१ (एक) मध्य एयर बेश, काठमाडौँमा। (ग) कोशी र मधेश प्रदेशको लागि हेलिकप्टर-१ (एक) श्री मध्य एयर बेश काठमाडौँमा। (घ) विपद् प्रभावित स्थानको एयरपोर्ट सुचारु भएको अवस्थामा Fixed-Wing हवाई साधनमध्ये एयर बेश, काठमाडौँमा स्ट्याण्डवाई राख्ने।			
१०	विपद् व्यवस्थापन निर्देशनालय अन्तर्गत रहेका २ वटा विपद् व्यवस्थापन गणहरूबाट प्रत्येक प्रदेशमा आवश्यक उपकरणसहित तुरुन्त परिचालन हुन सक्ने गरी ८ वटै पृतनाहरूमा बाह्रै महिना रहने गरी Composite Search and Rescue Team को तैनाथ गर्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	निरन्तर
११	मनसुन अवधिमा प्राकृतिक जोखिमहरूको अनुगमन, विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताहरूका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचनाहरू सामाजिक सञ्जालमा राख्ने, सैनिक रेडियो कार्यक्रममा प्रसारण र सिपाही पत्रिकामा प्रकाशित गर्ने व्यवस्था मिलाउने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
१२	आवश्यक परेको समयमा विभिन्न स्थानहरूमा पहिरो हटाउनको लागि तथा भत्किएका पुलहरूको स्थानमा एक्कोबृजहरू जडान गर्नको लागि आवश्यक फौज तथा उपकरणहरू तयारी हालतमा राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
१३	Composite Quick Reaction Team (CQRT) लाई १५ मिनेटभित्र हवाई साधनद्वारा परिचालन गर्न सक्ने गरी गौचर ब्यारेक, काठमाडौँमा तयारी हालतमा राख्ने।	नेपाली सेना	रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	मनसुन अवधिभर
१४	विपद्को समयमा माग भए बमोजिम खटिएका फौजहरूसँग निरन्तर मिलाप कायम गर्न आवश्यकता अनुसार मिलापका साधन तथा जनशक्ति व्यवस्था गर्ने। विपद् व्यवस्थापन निर्देशनालयले केन्द्रीय तहमा NEOC सँग, पृतना हे.क्वा.ले	नेपाली सेना	विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	निरन्तर

	प्रादेशिक तहमा PEOC सँग र गण/गुल्मले जिल्ला तहमा DEOC/LEOC सँग समन्वय गर्ने व्यवस्था मिलाउने।			
१५	राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५) मा उल्लेख भए अनुसार आपत्कालीन प्रतिकार्यको अवधिमा संघ, प्रदेश तथा स्थानीय तहका आपत्कालीन कार्यसंचालन केन्द्रहरु (EOCs) ले आवश्यकता अनुसार मानवीय सहायता तथा विपद् प्रतिकार्य (HADR) का लागि खोज तथा उद्धार कमाण्ड पोष्ट स्थापना गर्ने र उक्त पोष्टको कमाण्ड र समन्वय नेपाली सेनाले गरी घटना स्थलमा घटना नियन्त्रण पद्धती Incident Command System (ICS) अनुसार कार्यसम्पादन गर्ने।	नेपाली सेना	विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय	विपद् प्रतिकार्य अवधिभर

१४.२ नेपाल प्रहरी

सि.नं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयसीमा
१.	सातवटै प्रदेश प्रहरी तथा काठमाडौं उपत्यका प्रहरी कार्यालय मातहत जिल्ला प्रहरी कार्यालयहरूमा Disaster Focal Person को रूपमा सिनियर प्रहरी अधिकृत तोक्ने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी, का.उ.प्र.का., सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, जि.प्र.का.हरू र गणहरू सबै	नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग	मनसुन सुरु हुनुपूर्व
२.	मनसुनजन्य विपद्लाई मध्येनजर गरी आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्भावित जोखिमयुक्त स्थानहरूको पूर्व घटनाहरूको विश्लेषण गरी सोही अनुसार जनशक्ति तथा उद्धार उपकरणहरू तयारी हालतमा राख्न सम्पूर्ण मातहत प्रहरी कार्यालयलाई निर्देश गर्ने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी, काठमाडौं उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, सबै जि.प्र.का.हरू	नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, सरोकार वाला अन्य सरकारी तथा गैह्र सरकारी निकायहरू	मनसुन सुरु हुनुपूर्व
३.	प्रकोपजन्य घटनाहरूको सूचना संकलन तथा उद्धार कार्यलाई छिटो छरितो बनाउन प्रदेशभित्र वडास्तरसम्मका निर्वाचित	सबै परिसर, जि.प्र.का., व.प्र.का., इ.प्र.का.	ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, काठमाडौं उपत्यका	मनसुन सुरु हुनुपूर्व

	जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने।		प्रहरी कार्यालय, सात वटै प्रदेश प्रहरी कार्यालय	
४.	विपद्को समयमा विस्थापितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरूको पहिचान गरी त्यस्ता स्थानहरूको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने।	सबै परिसर, जि.प्र.का.हरू	का.उ.प्र.का., सात वटै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, अन्य सरकारी निकायहरू	मनसुन सुरु हुनुपूर्व
५.	विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनःस्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्लास्थित विपद् प्रतिकार्यसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरू र सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने।	सबै परिसर, जि.प्र.का.हरू	का.उ.प्र.का., सबै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, जिल्ला स्थित अन्य सरकारी निकायहरू	मनसुन सुरु हुनुपूर्व
६.	प्रदेश अन्तर्गत यातायातको सहज पहुँच, सुरक्षा, विपद् प्रभावित इलाकाको नजिक हुनेगरी विपद् उद्धार तथा राहत सामग्री भण्डार गृह स्थापनामा सहयोग गर्ने र स्थापित भण्डार गृहहरूको विवरण राख्ने।	काठमाडौं उपत्यका प्रहरी कार्यालय, सबै प्रदेश प्रहरी कार्यालय, सबै परिसर, सबै जि.प्र.का.	ने.प्र. प्र.का. कार्य विभाग, प्रदेश /जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य सरकारी /गैर सरकारी निकायहरू	मनसुन सुरु हुनुपूर्व
७.	प्रदेश अन्तर्गतका प्रहरी कार्यालय तथा अन्य निकायहरूमा चालु अवस्थामा रहेका डुङ्गा तथा Raft Boats लगायतको अभिलेख अद्यावधिक गर्ने।	काठमाडौं उपत्यका प्रहरी कार्यालय, सात वटै प्रदेश प्रहरी कार्यालय, सबै परिसर, सबै जि.प्र.का.हरू।	नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग।	मनसुन सुरु हुनुपूर्व।
	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुशीको तयारी			
८.	उद्धारमा खटिने नेपाल प्रहरीका तालिम प्राप्त उद्धारकर्मीहरूलाई उपलब्ध उद्धार सामग्रीहरू तथा व्यक्तिगत सुरक्षा सामाग्री (PPE) को प्रयोग र शव व्यवस्थापन सम्बन्धी पुनर्ताजगी अनुशिक्षण प्रदान गर्ने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी,	नेपाल प्रहरी प्रधान कार्यालय कार्य	मनसुन पूर्व तथा मनसुन अवधिभर

	केन्द्रमा खोज तथा उद्धार प्रतिकार्यका लागि तत्काल खट्ने गरी सि.प्र.अ.को कमाण्डमा दैनिक ५० जनाको QRT टोली खोज तथा उद्धार सामग्रीहरूसहित तत्काल परिचालन हुनसक्ने गरी २४/७ तयारी अवस्थामा राख्ने। आवश्यकता अनुसार थप जनशक्ति परिचालन हुने।			
	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा रहेका डुंगा चलाउन जान्ने १५ जना, तालिम प्राप्त ०८ जना र पौडिन जान्ने ६२ जना गरी जम्मा ८५ जना जनशक्तिलाई उद्धार सामग्रीहरूसहित तत्काल परिचालन हुने गरी तयारी हालतमा राख्ने।			
	मनसुनजन्य विपद्हरुको प्रतिकार्यमा प्रयोगमा ल्याउन सकिने सवारी साधन, उपकरण तथा उद्धार सामग्रीहरूको विवरण र दक्ष जनशक्तिको विवरण अद्यावधिक गर्ने।	नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयहरू	नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग	
	नेपाल प्रहरी प्रधान कार्यालय र अन्य निकायहरूसँग समन्वय गरी उद्धारमा खटिँदा आवश्यक व्यक्तिगत सुरक्षाका सामग्री (PPE) को व्यवस्था गर्ने।			
	मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउन गठन भएको Water Rescue Special Squad को पूर्वतयारी तथा अभ्यास गरी तयारी अवस्थामा राख्ने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी	नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग	मनसुन पूर्व तथा मनसुन अवधीभर
९.	**काठमाडौं उपत्यका, सात वटै प्रदेश प्रहरी कार्यालयहरू तथा मातहत समेतको तयारी:**			
	काठमाडौं उपत्यका प्रहरी कार्यालय र सात वटा प्रदेश प्रहरी कार्यालय तथा मातहत पौडिन सक्ने प्र.क.हरूको विवरण अद्यावधिक गरी उद्धार सामग्रीसहित तत्काल परिचालन हुने गरी तयार राख्ने।	काठमाडौं उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय	नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग, नेपाल प्रहरी नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुशी, प्रदेश विपद् व्यवस्थापन समिति,	मनसुन पूर्व तथा मनसुन अवधिभर

	सरोकारवाला निकायहरूसँग समन्वय गरी मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सहयोग समन्वय गर्ने।		सम्बन्धित जिल्ला प्रशासन कार्यालय, सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेना, सशस्त्र प्रहरी बल तथा सरोकारवाला अन्य सरकारी तथा गैह्र सरकारी निकायहरू	
	जोखिममा रहेका बस्तीहरूको पहिचान गरी सोही अनुसार सूचना सम्प्रेषण गर्न स्थानीय संचार माध्यमको प्रयोग गर्ने।			
	विपद् प्रतिकार्य समूहलाई विपद्का समय तत्काल परिचालन गर्न जिल्ला विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने।			
	प्रदेश प्रहरी कार्यालय अन्तर्गतका सात वटै विपद् व्यवस्थापन गुल्महरूमा आधुनिक उपकरणहरू एंव औजारहरूसहित तत्काल खटिन सक्ने गरी स्टेण्डवाईमा राख्ने।			
	प्रदेश प्रहरी कार्यालय अन्तर्गत विपद् व्यवस्थापन गुल्महरूमा कार्यरत रहेका प्र.क.हरूमध्ये मनसुनजन्य उद्धारका लागि कम्तिमा १० (दश) जना टोली अभ्यस्त बनाई राख्ने (सम्भव भएसम्म Raft Boat, Motor Boat सहित)।			
१०	उद्धार तथा पुनर्स्थापना कार्यमा खटिदा जोखिममा रहेका समुहहरू (महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति) को विशेष संरक्षणको सुनिश्चितता गर्ने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, प्रदेश विपद् व्यवस्थापन गुल्म सबै, प्रहरी परिसर तथा जि.प्र.का. सबै	नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग	प्रतिकार्यको अवस्थामा
११	विपद् प्रतिकार्य तथा तालिम केन्द्र र सातै प्रदेश अन्तर्गतका विपद् व्यवस्थापन गुल्महरूले योजना तयार गरी उद्धार टोलीलाई समय समयमा Water Rescue सम्बन्धी अभ्यास गराउने।	नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, विपद् व्यवस्थापन गुल्महरू सबै	नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, नेपाल प्रहरी प्रदेश कार्यालय सबै	मनसुन पूर्व

१२	प्रत्येक प्रहरी इकाईहरूले आपत्कालीन प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गरी आफ्नो जिम्मेवारी क्षेत्रमा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यको व्यवस्था मिलाउने।	प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालय सबै	काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय सबै	मनसुन पूर्व र प्रतिकार्यको समयमा
१३	केन्द्रीय प्रहरी विशेष कार्यदल, नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय, नेपाल प्रहरी सशस्त्र प्रहरी गण नं. १, काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नं. २, नेपाल प्रहरी विशेष सुरक्षा गण, प्रदेश प्रहरी गण अन्तर्गतका गुल्महरू लगायतका कार्यालयहरूलाई समेत मनसुनका समयमा प्रतिकार्यको लागि तयारी हालतमा राख्ने।	ने.प्र.प्र.का. कार्य विभाग, प्रदेश प्रहरी कार्यालय	नेपाल प्रहरी प्रधान कार्यालय	मनसुन पूर्व र प्रतिकार्यको समयमा

१४.३ सशस्त्र प्रहरी बल, नेपाल

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समय
१	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा विपद् व्यवस्थापन तालिम निरन्तर रूपमा सञ्चालन भइरहेको, जसअनुसार हालसम्म ३०१२ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई विशिष्टिकृत विपद् व्यवस्थापन तालिम प्रदान गरिएको।	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय /नं. ३ बाहिनी, मुख्यालय	निरन्तर
२	सशस्त्र प्रहरी बल, नेपालका विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिहरूलाई काठमाडौं उपत्यकाभित्र २ स्थानसहित ७ वटै प्रदेशमा से.मु. स्तरमा, बाहिनीस्तरीय विपद् उद्धार टिम र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, विपद् व्यवस्थापन सुरक्षा वेश आदमघाट धादिङ्ग, मुलघाट धनकुटा, निजगढ बारा, कुलेखानी मकवानपुर, नारच्याङ्ग म्याग्दी, भालुवाङ्ग दाङ्ग, चिप्ले सुर्खेत र अमरगढी डढेल्धुरा गरी जम्मा १९ स्थानमा दक्ष तालिम प्राप्त जनशक्तिलाई खोज तथा उद्धारका आवश्यक उपकरणहरूसहित परिचालन गरी तयारी हालतमा राखिएको।	स.प्र. बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय, नं. २० (विपद् उद्धार) गण र प्रदेश स्तरीय विपद् उद्धार टिमहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय, मानवश्रोत विभाग, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय	निरन्तर
	देशभर रहेका सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरूमा खोज तथा उद्धारका सामग्रीहरूसहित उद्धार टोली २४ सै घण्टा Stand	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय	१० मिनेट

	By रहने व्यवस्था गरिएको जस अनुरूप प्रदेशगत रूपमा रहेको बाहिनीहरूमा सिनियर अधिकृतको कमाण्डमा १ प्लाटुन, जिल्लास्थित गण एवं शिक्षालयहरूमा सि.अ.को कमाण्डमा १ प्लाटुन, जिल्लास्थित गुल्महरूमा जु.अ.को कमाण्डमा १ सेक्सन एवं अन्य सम्पूर्ण कार्यालयहरूमा कम्तिमा १ सेक्सनको नफ्रीमा खोज तथ उद्धार टोली तयारी अवस्थामा राखिएको।			
३	विपद् उद्धारका आधूनिक सामग्रीहरूलाई उपत्यका तथा प्रदेशगत रूपमा रहेको बाहिनीस्तरीय विपद् उद्धार टिमले प्रयोग गर्ने गरी तयारी हालतमा राखिएको साथै काठमाडौं उपत्यकालाई मध्यनजर गरी सिनामंगल स्थित नं. २० गण हे.क्वा. (विपद् उद्धार) लाई तयारी हालतमा राखिएको।	सशस्त्र प्रहरी बल, नेपालका बाहिनी मुख्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय, सशस्त्र प्रहरी बल, नेपाल नेपाल प्रधान कार्यालय	निरन्तर
४	विपद् व्यवस्थापन सम्बन्धी विशिष्टिकृत तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत मनसुनलाई मध्यनजर गरी बाढी, पहिरो, डुबान तथा अन्य जल उत्पन्न प्रकोप सम्बन्धी आवश्यक ज्ञान र प्रतिकार्यका लागि समय समयमा खोज तथा उद्धार लगायत विपद् व्यस्थापन सम्बन्धी विषयवस्तुहरूमा अनुशिक्षण तालिम प्रदान गराएको।	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, बाहिनीहरू तथा सबै युनिटहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर
५	मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्मा प्रभावकारी कार्य सम्पादनको लागि राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र, प्रदेश विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति र सरोकारवाला निकायहरूसँग समन्वय गर्ने गरिएको।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर
६	स्थानीयस्तरमा रहेका कलेज, विद्यालय, समुदाय/क्लव संघ संस्था आदिमा विगत १ दशकदेखि "समुदायमा आधारित सचेतना कार्यक्रम" विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गर्दै आईरहेको। हालसम्म ६,३९,४८८ जना सर्वसाधारणहरूले सहभागिता जनाएका।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण प्रदेशस्तरीय विपद् उद्धार टिमहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर

७	राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरू परिचालन गरिएको, जस अनुरूप केन्द्र, प्रदेश, जिल्लास्थित आपत्कालीन संचालन केन्द्रहरूमा जम्मा ९१ जना स.प्र.क.हरू हाल कार्यरत रहेको। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सशस्त्र प्रहरी नायव उपरीक्षक-१ जना आवश्यक समन्वयको लागि खटिएको।	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, बाहिनीहरू तथा जिल्ला स्थित सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर
८	मनसुनजन्य विपद्लाई मध्येनजर गरी खोज तथा उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका इकाईहरूले मनसुन शुरु हुनुपूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरोकारवाला निकायहरूसँग Disaster Focal Person तोकी समन्वय गरी कार्य गरिरहेको। जिल्ला विपद् व्यवस्थापन समितिको बैठक लगायत मनसुन पूर्वतयारी बैठकहरू सञ्चालन गरी विभिन्न जिम्मेवार/सरोकारवाला निकायहरूबीच समन्वय गरी Focal Persons को सम्पर्क नम्बर लगायतका अन्य आवश्यक विवरणहरू अद्यावधिक गरिएको।	स.प्र.बल, नेपाल प्रदेश स्तरीय विपद् उद्धार टिम तथा जिल्ला स्थित स.प्र.बल, नेपालका कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर
९	सशस्त्र प्रहरी बल, नेपालका विभिन्न युनिटहरूमा रहेका १३ वटा हेभि ईक्यूपमेन्टहरू (Dozer, Loader, Back hoe loader) तयारी हालतमा राखिएको।	सशस्त्र प्रहरी बल, नेपालका बाहिनीहरू तथा विपद् व्यवस्थापन तालिम शिक्षालय	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय तथा सवारी शाखा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय	निरन्तर
१०	विपद्को समयमा शुद्ध पिउने पानीको आपूर्तिलाई सहजीकरण गर्न अमेरिकन दूतावास नेपालको सहयोगमा काठमाडौं उपत्यकाका ७ वटा स्थान, कास्की पोखराको २ स्थान लगायत बर्दघाट	Deep Tube Well रहेका ईकाइहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर

	नवलपरासी-१, कोहलपुर बाँके-१ र धनगढी कैलालीमा-१ गरी जम्मा १२ स्थानहरूमा Deep Tube Well निर्माण गरिएको।			
११	सीमित संख्यामा रहेको गोताखोर तालिम प्राप्त कर्मचारीहरूको संख्यामा वृद्धि गर्दै थप स्थानहरूमा परिचालन बढाउने उद्देश्यले १३४ जना गोताखोर तालिम प्राप्त जनशक्ति तयार गरिएको, जसलाई कोशी प्रदेशको सुनसरी, मधेश प्रदेशको महोत्तरी, बागमती प्रदेशको कुरिनटार, खुर्कोट, सिन्धुली, चितवन, काठमाडौं उपत्यका, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको शमशेरगञ्ज, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलालीमा गरी जम्मा १० स्थानमा आवश्यक उद्धार सामग्रीहरूसहित तयारी हालतमा राखिएको।	स.प्र.बल, नेपाल नं. १ बराह बाहिनी सुनसरी, नं. २ छिन्नमस्ता बाहिनी महोत्तरी, नं. ३ गढीमाई बाहिनी मुख्यालय, नं. २० गण (विपद् उद्धार), काठमाडौं, विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार, विपद् व्यवस्थापन वेश खुर्कोट सिन्धुली, नं. १७ गण हे.क्वा. चिचवन, नं. २४ गण कालिका, कास्की, लुम्बिनी प्रदेशस्तरीय विपद् व्यवस्थापन टिम शमशेरगंज बाँके, नं. ६ महेश्वरी बाहिनी सुर्खेत र नं. ७ बैद्यनाथ बाहिनी कैलाली	मानवश्रोत विभाग, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	Travel Time बाहेक ३० मिनेट
१२	स.प्र.बल, नेपालका देशभर रहेका कार्यालयहरू मार्फत स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति मार्फत सशस्त्र प्रहरी बल, नेपालले एकल र संयुक्त रूपमा नियमित Simulation Exercise सञ्चालन गर्ने गरिएको, जस अनुरूप २०७९ देखि २०८२ फागुन मसान्तसम्म सशस्त्र प्रहरी बल, नेपालको आयोजनामा-४४३ र अन्य निकायको आयोजनामा-६५७ गरी ११०० वटा कृत्रिम घटना अभ्यास संचालन गरिएको।	सशस्त्र प्रहरी बल, नेपालका सबै युनिटहरू		निरन्तर
१३	स.प्र.बल, नेपालका जिल्ला स्थित गण /गुल्महरूको जिम्मेवारी ईलाकामा पर्ने जोखिमयुक्त स्थान /बस्ती लगायत अन्य महत्वपूर्ण संरचना जस्तैः पुल, कलभर्ट, राजमार्ग, लोकमार्ग ईत्यादीको पहिचान गरी Flood, Landslide History को आधारमा खतरा नक्साङ्कन (Hazard Mapping) गरी राख्ने व्यवस्था गरिएको।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर

१४	बाढी /पहिरो /डुबान जस्ता विपद्को कारणबाट जोखिमयुक्त स्थान समुदाय बस्तीहरू स्थानान्तरण गर्नु परेमा स्थानान्तरण गर्ने ठाउँको पहिचान गरी योजना तर्जुमा गर्ने गरिएको।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय	निरन्तर
१५	हिमाली जिल्लाहरूमा स्थापना भएको १२ जिल्लाको १४ स्थानहरूमा भएको कार्यालयहरूमा Mountaineering Equipment Portable Altitude Chamber वितरण गरी तयारी हालतमा राखिएको।	नं. २० गण हे.क्वा.काठमाडौं, नं. २ गुल्म हे.क्वा., हिमशिखर, पाँचथर, नं. ४. गुल्म हे.क्वा अरुण संखुवासभा, नं. १ गुल्म हे.क्वा. कंचनजंघा, ताप्लेजुङ्ग, आश्रित गुल्म डोल्पा, नं. २० गुल्म हे.क्वा. रसुवा, नं. ३३ गुल्म हे.क्वा.मुस्ताङ्ग, नं. ३२ गुल्म हे.क्वा मनाङ्ग, नं. ४४ गुल्म हे.क्वा. हुम्ला, नं. ४५ गुल्म हे.क्वा. मुगु, नं. ५० गुल्म हे.क्वा दार्चुला	सशस्त्र प्रहरी बल, नेपाल कार्य विभाग (विपद् व्यवस्थापन निर्देशनालय)।	निरन्तर
१६	अमेरिकी राजदूताबासको सहयोगमा विपद् पुर्नलाभ अन्तर्गत विपद्को समयमा विस्थापितहरूलाई स्थानान्तरण गर्नको निमित्त तथा सशस्त्र प्रहरी बल, नेपालको युनिटहरूद्वारा विपद्को समयमा क्याम्प खडा गरी सुरक्षित बस्नको लागि आवश्यक पर्ने DRS (Disaster Relief System) २८ वटा कन्टेनरहरू १३ जिल्लाका १५ स्थानमा रहेका सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरूमा वितरण गरी तयारी अवस्थामा राखिएको।	नं. १ वराह बाही पकली, दन्तकाली विशेष कार्य तालिम शिक्षालय, सप्तरी, नं. ६ गण हे.क्वा. सप्तरी, विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार, नं. १६ गण हे.क्वा. सिन्धुपाल्चोक, नं. १८ गुल्म हे.क्वा.दोलखा, नं. २० गुल्महे.क्वा. रसुवा, सुरक्षा वेश लामोसाँघु सिन्धुपाल्चोक, आश्रित गुल्म लमजुङ्ग, आश्रित गुल्म म्यार्दी, नं. २९ गुल्म गोरखा, नं. ३२ गुल्म मनाङ्ग, नं. २९ गण दाङ्ग, नं. ७ बाहिनी कैलाली, नं. ४४ गण दार्चुला	सशस्त्र प्रहरी बल, नेपाल कार्य विभाग (विपद् व्यवस्थापन निर्देशनालय)।	निरन्तर
१७	जल तथा मौसम विज्ञान विभाग, जल विज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखाबाट प्रकाशित हुने बाढी सम्बन्धी बुलेटिन सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरूमा आवश्यक तयारीका लागि विगतमा पठाउने गरेकोमा यसवर्ष पनि पठाइने।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरू	सशस्त्र प्रहरी बल, नेपाल कार्य विभाग (विपद् व्यवस्थापन निर्देशनालय)	निरन्तर

१८	विपद्को समयमा घाईतेहरूको उद्धारको निमित्त एवं Higher Center सम्म पुऱ्याउन "क" वर्गको एम्बुलेन्स एवं Mass Casualty Vehicle हरूको संचालन कार्यविधि तयार गरी उद्धार कार्य प्रयोजनको निमित्त सशस्त्र प्रहरी बल, नेपालको १० वटा कार्यालयलाई वितरण गरिएको।	नं. १ वराहबाहिनीमुख्यालय, नं. २ छिन्नमस्ताबाहिनी मुख्यालय, विपद् व्यवस्थापन तालिम शिक्षालय, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, मध्यपश्चिम क्षेत्रिय अस्पताल बाँके, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत, नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली, नेपाल एपिएफ अस्पताल बलम्बु, नं. २० गण हे.क्वा. (विपद् उद्धार)	सशस्त्र प्रहरी बल, नेपाल कार्य विभाग (विपद् व्यवस्थापन निर्देशनालय)	निरन्तर
१९	राजमार्गहरूमा हुने सडक दुर्घटना लगायत अन्य विपद्हरुमा तुरुन्त उद्धार कार्यमा परिचालन हुनको लागि सशस्त्र प्रहरी बल नेपालको १० वटा कार्यालयहरूमा IRT (Immediate Response Team) Vehicle तयारी हालतमा राखिएको।	नं. ३८ रिजर्भ गणहेक्वा झापा, दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरी, नं. ४० रिजर्भ गण हेक्वा पिलुवा बारा, नं.१७ गणहे.क्वा. चितवन, नं.२७ गण हेक्वा रुपन्देही, नं. ४२ रिजर्भ गण हेक्वा सम्शेरगंज बाँके, नं. ४३ रिजर्भ गण हेक्वा बनबेहडा कैलाली, नं. २२ गण हेक्वा गुहेश्वरी भक्तपुर, नं. १४ गण हेक्वा मकवानपुर, नं. २३ गण हेक्वा मनकामना तनहुँ	सशस्त्र प्रहरी बल, नेपाल कार्य विभाग (विपद् व्यवस्थापन निर्देशनालय)।	निरन्तर
२०	समुदायस्तरमा विपद् सम्बन्धी सूचना प्राप्तिमा सहकार्य, परिचालनमा सहजीकरण र उद्धारमा समन्वयात्मक रुपमा कार्य गर्ने उद्धेश्यले देशभरका सम्पूर्ण वडाहरुमा असार मसान्तभित्र हरेक वडामा २५ जनाको विपद् सूचक समूह निर्माण गर्ने कार्य भइरहेको, देशभरका वडाहरुमा २५ जनाको दरले १,६८,५७५ विपद् सूचक समूह तयार गर्ने।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय	असार मसान्तभित्र
२१	विपद् प्रतिकार्यको लागि समुदायस्तरमा स्वयंसेवक विपद् उद्धारक तयार गर्न स्वीकृत पाठ्यक्रम अनुरुप यस वर्ष ७५३ पालिकाहरुमा १४७ तालिम संचालन गरी ३६७५ विपद् स्वयंसेवक तयार गर्ने।	सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू	सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय	निरन्तर

१५. नेपाल रेडक्रस सोसाइटी

क्र.सं.	क्रियाकलाप	जिम्मेवार निकाय	सहयोगी निकाय	समयावधि
१	नेरेसो, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने।	नेरेसो केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभाग	नेरेसो प्रदेश तथा जिल्ला शाखा, विपद् व्यवस्थापन इकाई	२०८३ जेष्ठ महिनाभित्र
२	मनसुन पूर्व सम्बन्धित प्रदेश कार्यालय र जिल्ला शाखाहरूलाई पूर्वतयारी सूचना सम्प्रेषण गर्ने। (Alert letter dispatch)	नेरेसो केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभाग	नेरेसो प्रदेश तथा जिल्ला शाखा, विपद् व्यवस्थापन इकाई	२०८३ जेष्ठ महिनाभित्र
३	विपद् प्रतिकार्यका लागि आवश्यक जनशक्तिहरूलाई पूर्वजानकारी तथा तयारी सूचना सम्प्रेषण गर्ने।	नेरेसो केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभाग	नेरेसो प्रदेश तथा जिल्ला शाखा, विपद् व्यवस्थापन इकाई	२०८३ जेष्ठ महिनाभित्र
४	गैरखाद्य सामग्रीहरूलाई गोदामघरमा मनसुन पूर्व नै भण्डारण गर्ने।	नेरेसो केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभाग	नेरेसो, क्षेत्रीय तथा जिल्ला गोदामहरू	२०८३ जेष्ठ महिनाभित्र
५	मनसुनजन्य विपद् प्रतिकार्यका लागि आवश्यक आर्थिक स्रोत पहिचान तथा परिचालन गर्ने।	नेरेसो केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभाग	रेडक्रस अभियानका सहयोगी संघ संस्थाहरू (IFRC, PNS and bi-lateral partners)	नेरेसो, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनामा व्यवस्था भए अनुसार
